# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक २४० | सोमबार, ५ कात्तिक २०८१ | SOURYA NATIONAL DAILY | Monday, 21 October 2024 | पृष्ठ : ८ | मूल्य रू. ५


## ओलीको विरोध गर्नेलाई स्पष्टीकरणको डन्डा

### सरकारवादी मुद्दाका अभियुक्तसँगको लेनदेन अनुमोदन



■ सौर्य समाचार

काठमाडौँ । संसद्को दोस्रो ठुलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो निर्णयविरुद्ध आवाज उठाउनेलाई स्पष्टीकरणको डन्डा चलाएका छन् । पार्टी कार्यालय भवन बनाउन विवादित व्यापारी भाटभटेनीका मालिक मीनबहादुर गुरुङसँग अर्बौं रुपैयाँको जग्गासहित भवन 'दान'मा लिने ओलीको निर्णयलाई गलत भनेर सार्वजनिक अभिव्यक्ति दिएका विन्दा पाण्डे र उषाकिरण तिमिल्सिनालाई स्पष्टीकरण सोध्ने निर्णय एमाले सचिवालय बैठकले गरेको हो ।

एमाले केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले पूर्वउपाध्यक्ष रावल, स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनासँग स्पष्टीकरण सोध्ने निर्णय गरेको पार्टीका महासचिव शंकर पोखरेलले जानकारी दिए । महासचिव पोखरेलका अनुसार केन्द्रीय कार्यालय भवन निर्माणबारे पार्टीले गरेको निर्णयविपरीत सार्वजनिक अभिव्यक्ति दिएकाले पाण्डे र तिमिल्सिनासँग स्पष्टीकरण सोध्ने निर्णय भएको हो ।

यसैगरी लामो समयदेखि पार्टीको नीतिसँग असहमति राखेर आफ्ना विचार प्रकट गरिरहेको भन्दै पूर्वउपाध्यक्ष भीम रावललाई पनि स्पष्टीकरण सोध्ने निर्णय भएको महासचिव पोखरेलले बताए । 'पार्टी स्थायी कमिटी सदस्य विन्दा पाण्डे, पार्टी केन्द्रीय सदस्य उषाकिरण तिम्सिनाले पार्टी निर्णयविपरीत सार्वजनिक अभिव्यक्ति दिनुभएकोमा उहाँहरूले के-कति कारणले त्यस प्रकारका गतिविधि गरिराख्नुभएको छ भन्ने विषयमा स्पष्टीकरण सोध्ने निर्णय भएको छ,' उनले भने ।

गत २४ असोजमा बसेको एमाले सचिवालय बैठकबाट अध्यक्ष ओलीले व्यावासायी मीनबहादुर गुरुङबाट १० रोपनी १४ आना जग्गासहित एक अर्ब रुपैयाँ बराबरको केन्द्रीय कार्यालय भवन दानमा लिने निर्णय गराएका थिए । सो निर्णयविरुद्ध पाण्डे र तिम्सिनाले सार्वजनिक रूपमा आलोचना गर्दै निर्णय सच्याउन आग्रह गरेका थिए ।

बाँकी पृष्ठ २

# ओली सबैभन्दा भ्रष्ट नेता : रवि

## यो सुरुआत मात्रै हो : सरकार



■ सौर्य समाचार

काठमाडौँ । कास्की जिल्ला अदालतले सहकारी ठगी तथा संगठित अपराधको आरोपमा पक्राउ परेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थप अनुसन्धानका लागि ६ दिन हिरासतमा राख्न अनुमति दिएको छ । जिल्ला अदालत कास्कीका न्यायाधीश नवराज दाहालको इजलासले आइतबार लामिछानेलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । यो म्याद रवि पक्राउ परेको दिनदेखि लागू हुन्छ ।

जिल्ला सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारी र सहकारी पीडितका तर्फबाट वेदबहादुर विष्टले बहस गर्दै अनुसन्धानका लागि ६ दिनको म्याद थप गर्न माग गरेका हुन् । आइतबार नै जिल्ला प्रहरी कार्यालय कास्कीले लामिछानेलाई सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान गर्न म्याद मागेको थियो । अदालतमा भएको बहसपछि न्यायाधीशले म्याद दिएसँगै अब प्रहरीले अनुसन्धान कार्य अघि बढाउनेछ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदनमा लामिछाने सहकारीको रकम ल्याउन संलग्न नभए पनि सहकारीबाट गोर्खा मिडियामा ल्याइएको रकम खर्च गर्ने कार्यमा भने संलग्न देखिएको भन्दै प्रचलित कानुनअनुसार कारबाही गर्न सिफारिस गरेको थियो । तर, प्रहरीले भने सहकारी पीडितको पूरक जाहेरीका आधारमा पक्राउ गर्न अदालतबाट अनुमति लिएको थियो ।

### ६ दिन हिरासतमा राख्न अदालतको अनुमति

शुक्रबार रास्वपाको पार्टी कार्यालयबाट पक्राउ गरेर सिआइबीले शनिबार बिहान कास्की प्रहरीलाई बुझाएसँगै थप कारबाही प्रक्रिया अघि बढाउन लामिछानेलाई कास्की प्रहरीको हिरासतमा राखिएको छ । संसदीय छानबिन विशेष समितिको प्रतिवेदनमा गोर्खा मिडियासँग जोडिएका गितेन्द्रबाबु राई, पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछाने, सूर्यदर्शन सहकारीका कोषाध्यक्ष कुमार रम्तेल र पूर्वडिआइजी छविलाल जोशी बन्जाडेलाई कारबाही गर्न सरकारसमक्ष सिफारिस गरेको थियो ।

### निषेधाज्ञा तोडेर कार्यकर्ताको नाराबाजी

उता, लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो । जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखरा सहिदचोक र गैह्रापाटन आसपासका क्षेत्रमा आइतबार बिहानदेखि निषेधाज्ञा जारी गरेको थियो । तर, रास्वपाका कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रदर्शन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहरा प्रहार गरेको थियो । कार्यकर्ताले निषेधाज्ञा तोडेर विरोध प्रदर्शन गर्न थालेपछि पोखराको अवस्था केहीबेर तनावपूर्ण बन्यो ।

जिल्ला प्रशासन कार्यालयले सहिद चोकको पूर्वपट्टि वाई चोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङचोक र गैह्रापाटनको पालिखे चोकदेखि नवीन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा ५ जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभा आदि विरोधका कार्यक्रम गर्न निषेध गरेको छ । अर्को आदेश जारी नभएसम्म निषेधाज्ञा जारी रहने छ ।

### 'अनुसन्धान गर्ने हो भने ओली सबैभन्दा भ्रष्ट नेता'

प्रहरीले अदालतमा पेस गर्नुअघि पूर्वगृहमन्त्री लामिछाने अहिलेको सरकारप्रति धेरै नै आक्रोशित देखिए ।

बाँकी पृष्ठ २

## मेयरको निर्णय कार्यान्वयनमा अदालतको रोक, उपमेयर स्वतः कार्यवाहक

■ सौर्य समाचार

काठमाडौँ । उच्च अदालत विराटनगरले धरान उपमहानगरपालिकाका प्रमुख (मेयर) ले उपप्रमुख हुँदाहुँदै वडाध्यक्षलाई कार्यवाहक दिएको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

धरानका उपप्रमुख अइन्द्रविक्रम बेघाले दिएको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै आइतबार उच्च अदालत विराटनगरका न्यायाधीश ध्रुवराज नन्दको एकल इजलासले मेयरको अनुपस्थितिमा वडाध्यक्षलाई कार्यवाहकको जिम्मेवारी दिने विषय विवाद समाधान नभएसम्म निर्णय कार्यान्वयन नगर्न आदेश दिएको हो ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि कात्तिक ६ गते उपस्थित हुनसमेत निर्देशन दिएको छ ।




धरानमा कार्यवाहक विवाद

मेयर हर्क साम्पाङले आफू विदेश भ्रमणमा जाने भएपछि उपमेयर बेघालाई छाडेर नातामा मामा ससुरा पर्ने धरान-११ का वडाध्यक्ष लोकेन्द्रकुमार फागोलाई कार्यवाहक प्रमुखको कार्यभार सुम्पिएका थिए । अदालतले मेयर साम्पाङको निर्णय कानुनी रूपमा विवादित ठहर गर्दै यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको हो ।

अदालतले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ र धरान नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ को अनुसूची ४ मा भएको व्यवस्थाको आधारमा निर्णय गरेको जनाएको छ । आदेशमा सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत अन्तरिम अल्पकालीन आदेश जारी गरिएको उल्लेख गरेको छ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ७ दिनभन्दा बढी समय मेयर अनुपस्थित हुने भएमा उपमेयरलाई कार्यभार दिनुपर्ने व्यवस्था छ ।

बाँकी पृष्ठ २

■ संक्रमणकालीन न्याय

## पूर्णता पाएसँगै सर्च कमिटीले थाल्यो काम




■ सौर्य समाचार

काठमाडौँ । सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि सिफारिस गर्न गठित सर्च कमिटीलाई पूर्णता दिएको छ । गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सर्च कमिटीलाई पूर्णता दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

आइतबार सरकारका निर्णय सुनाउन आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता गुरुङले संक्रमणकालीन न्यायको कार्यभार पूरा गर्नका लागि दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस समितिलाई पूर्णता दिएको बताएका हुन् ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संघीय संसदबाट पारित भई डेढ महिनाअघि नै राष्ट्रपतिबाट प्रमाणितसमेत भइसकेको छ । तर, ऐन बनेको लामो समयसम्म पनि यसका लागि गठित २ आयोगमा पदाधिकारी नियुक्ति हुन सकेको छैन । ३० चैत, २०८० को तत्कालीन मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा पदाधिकारी सिफारिस समिति (सर्च कमिटी) गठन गरेको थियो ।

तर, सर्च कमिटीमा सदस्यहरू पूर्ण नभएका कारण काम सुरु गर्न सकेको थिएन । शुक्रबारको मन्त्रिपरिषद् बैठकले पूर्वप्रधानन्यायाधीश मिश्रको अध्यक्षतामा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य, मानवअधिकारवादी, मनोविज्ञानवेत्ता, कानुनविद् विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिमध्येबाट पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङलाई सदस्य तोकेको छ ।

शुक्रबार कमिटीले पूर्णता पाएसँगै आइतबार कमिटीको पहिलो बैठकसमेत बसेको छ । आइतबार कानुन मन्त्रालयमा बसेको कमिटीको पहिलो बैठकमा कानुनमन्त्री अजयकुमार चौरसिया, महान्यायाधिवक्ता रमेश बडाल र कानुनसचिव उदयराज सापकोटासमेत सहभागी थिए । सोही बैठकले समिति सदस्य खम्मबहादुर खातीलाई सर्च कमिटीको प्रवक्ता तोकेको छ ।

बाँकी पृष्ठ २

## यस भित्र


चितुवाको त्रासमा सिमलघारीवासी — पृष्ठ ३

गढीमाई मेलाको तयारी तीव — पृष्ठ ५

नेपाल ग्रे-जोनमा नजाने गरी काम गर्न अर्थमन्त्रीको निर्देशन — पृष्ठ ८


## निगमका ३ वटै विमान नियमित उडानमा फर्किए

■ सौर्य समाचार

काठमाडौँ । नेपाल वायुसेवा निगमले आफ्ना अन्तर्राष्ट्रिय उडानमा रहेका ३ वटै विमान सञ्चालनमा आएको जनाएको छ । निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमका दुइटा 'न्यारोबडी' विमान नियमित उडानमा छन् ।

यस्तै, एउटा 'वाइडबडी' विमानको पार्टपुर्जा पनि इटलीबाट काठमाडौँ ल्याएर तत्काल मर्मत सकेर आइतबार बेलुकीबाट उडानमा ल्याइएको उनले जानकारी दिए । 'आइतबार प्राविधिक समस्या देखिएका निगमका अन्तर्राष्ट्रिय उडानमा रहेका दुइटा न्यारोबडी विमान नियमित उडानमा छन् । एउटा वाइडबडी विमान पनि मर्मतपछि आजैबाट उडानमा आएको छ । आज बेलुका दोहाका लागि उडान भरेर मंगलबार विमान जापान उडान भर्ने तालिका छ,' प्रवक्ता पौडेलले भने ।




निगमले विमान विशिष्ट प्राविधिक संयन्त्रबाट सञ्चालन हुने यान्त्रिक वस्तु भएकाले निर्माता कम्पनी तथा नियामक निकायले तोकेका मापदण्डअनुरूप निगमका विमान नियमित मर्मतसम्भार गर्ने गरिएको निगमले विज्ञप्तिमार्फत् जनाएको छ । 'यसका बाबजुत कहिलेकाहीँ विमानमा आकस्मिक प्राविधिक समस्या आउन सक्ने हुँदा तोकिएको मापदण्डभित्र रही मर्मतसम्भारपश्चात् नियमित उडान सञ्चालन गर्नु अन्तर ाष्ट्रिय अभ्यास रहिआएको छ । समस्याको प्रकृति र उपलब्ध साधनस्रोतको आधारमा सामान्यत: विमान केही समयभित्र नै मर्मतसम्भार सकेर उडानयोग्य हुन्छ भने कहिलेकाहीँ धेरै समय लाग्नसक्छ,' विज्ञप्तिमा भनिएको छ ।

प्राविधिक कारणले ३ वटा विमानका यात्रु दुइटा विमानबाट ओसारपसार गर्नुपर्ने भएकाले उडान केही ढिला हुन गई यसबाट यात्रुमा पर्न गएको असुविधाप्रति निगमले क्षमायाचनासमेत गरेको छ ।

## ओली सबैभन्दा...

उनले एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको कडा आलोचना गर्दै ओली भ्रष्टाचारको जगमा उभिएको मान्छे भएको आरोप लगाए । अदालतमा उपस्थित हुनुपूर्व सञ्चारकर्मीहरूसँग कुरा गर्दै लामिछानेले यस्तो बताएका हुन् ।

उनले केपी ओलीको सरकार रहिरहने हो भने यो देशले धेरै दुःख पाउने र सरकारको रबैयाविरुद्ध आमजनता बाहिर निस्किनुपर्ने बेला आउन सक्ने बताए । 'केपी ओलीको सरकार रहिरहने हो भने यो देशले धेरै दुःख पाउँछ । त्यसैले अधिनायकवादी सरकारका विरुद्ध यही बेलामा देशैभरबाट जो-जो जहाँजहाँ हुनुहुन्छ, मेरा लागि होइन, देशका लागि बाहिर निस्किनुपर्ने बेला आउन सक्छ,' उनले भने, 'म सबैलाई अपिल गर्न चाहन्छु- सम्पूर्ण न्यायप्रेमी दाजुभाइ दिदीबहिनीहरू ! यो सरकार रहुन्जेलसम्म उसले यस्तै हर्कत गरिरहन्छ । झुटा मुद्दामा मान्छेलाई फसाउने काम निरन्तर चलिरहन्छ ।'

साथै, ओलीले भ्रष्टाचारी र सहकारी ठगहरूलाई पालेर आफूलाई झुठा मुद्दा लगाएर फसाएको आरोप लामिछानेको थियो । आफूलाई जस्तै ओलीलाई पनि छानबिन गर्ने हो भने देशको सबैभन्दा भ्रष्ट मानिस ओली हुने उनले ठोकुवा नै गरे । 'यो सरकार नढलेसम्म, केपी ओलीको शासन सत्ता रहिरहेसम्म यस्ता अपराध भइरहन्छन् । यो देश कहिल्यै बन्दैन । भ्रष्टाचारीहरूलाई संरक्षण गरेर सारा सहकारी ठगहरू आफ्ना पार्टीभित्र पालेर भ्रष्टाचारको जगमा उभिएर अर्कालाई ठग भनेर झुठा मुद्दा लगाउने । मलाई जस्तै डेढ वर्ष लगाएर केपी ओलीलाई छानबिन गर्ने हो भने सबैभन्दा बढी भ्रष्टाचारको जगमा उभिएको मानिस केपी ओली हो । देशको प्रधानमन्त्री भएकामा यो दुर्भाग्य छ ।'

आफूलाई न्यायालयप्रति विश्वास रहेको बताउँदै लामिछानेले सरकारविरुद्ध सडकमा उत्रिन आफ्ना समर्थकहरूलाई अपिलसमेत गरे । उनले आफूलाई झुठा मुद्दा लगाएर फसाइएको भन्दै सरकारको अधिनायकवादी चरित्रविरुद्ध देशभरबाट बाहिर निस्कन आग्रह गरे । उनले भने, 'यो सरकारका विरुद्ध देशैभरिबाट जनता बाहिर आउनुपर्छ । मेरा लागि होइन देशका लागि सबै आउनुपर्छ । यो सरकार नढलेसम्म जनता जाग्नुपर्छ ।' साथै, उनले राज्य सत्ता कब्जा गर्ने, आफ्नो बर्चस्व कायम गर्ने सरकारको योजना रहेको समेत बताए ।

### रविको पक्राउ सुरूआत मात्र हो : मन्त्री गुरुङ

यता, सरकारले रास्वपा सभापति लामिछाने पक्राउ पर्नु सहकारी छानबिन प्रतिवेदन कार्यान्वयनको सुरुआत मात्र भएको प्रतिक्रिया दिएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदनमाथि सुरुआती कारबाही सुरु भएको बताए । आइतबार मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउने क्रममा सञ्चारकर्मीहरूले राखेको प्रश्नको जवाफ दिँदै उनले सरकारले समितिले बुझाएको प्रतिवेदनउपर सुरुआती कारबाही अघि बढाएको बताए । साथै, उनले प्रतिवेदनमा औँल्याइएका अन्य व्यक्तिका हकमा पनि अब क्रमशः कारबाही अघि बढ्ने बताए ।

'संसद्ले गठन गरेको सर्वाधिकारसम्पन्न सर्वदलीय समितिले जुन प्रतिवेदन दिएको थियो, त्यसलाई मन्त्रिपरिषद्ले स्वामित्व ग्रहण गरी कार्यान्वयनको अभियानमा लगेको छ,' उनले भने, 'त्यस प्रतिवेदनले औँल्याएका व्यक्तिलाई अनुसन्धानका लागि नियन्त्रणमा लिने क्रमको यो त सुरुआत भएको मात्र हो । जो-जो व्यक्ति तोकिएको छ, सबैमाथि छानबिन हुन्छ ।'

तर, सहकारी पीडितका विषयमा र प्रतिवेदनले औँल्याएका विषय हेर्ने हो भने सरकार पीडितलाई न्याय दिलाउने र सहकारी ठगीमा संलग्नलाई कारबाही गर्ने भन्दा पनि राजनीतिक प्रतिशोध साँध्ने बाटोमा बढी देखिन्छ । सूर्य थापाको नेतृत्वमा बनेको सहकारी छानबिन विशेष समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै सहकारी ठगीमा संलग्न २९ जनाको नाम सार्वजनिक गरेको थियो । तर, त्यसमध्ये इमेज बचत तथा ऋण सहकारी संस्थामा जोडिएका ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीलाई मात्र प्रहरीले पक्राउ गर्न सकेको छ । अरू २८ जना अहिले पनि फरार छन् ।

सरकारको उदासीनता र बढी मात्रामा रवि केन्द्रित हुँदा सोही प्रतिवेदनले किटान गरेका नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङमाथि भने कुनै कारबाही र अनुसन्धान अघि बढाएको देखिँदैन । ललितपुरको मितेरी सहकारीमा भएको १४ करोड ८१ लाख रुपैयाँ रकम हिनामिनामा तत्कालीन श्रीमती ज्योति गुरुङसँगै संलग्न रहेको आशंकामा गुरुङमाथि थप अनुसन्धान गर्न संसदीय छानबिन विशेष समितिले सुझाव दिएको थियो । तर, उनीमाथि अहिलेसम्म अनुसन्धानको कुनै प्रक्रिया अघि बढेको छैन ।

प्रतिवेदनमा किटान भएका रवि लामिछाने, छविलाल जोशी, देवकुमार नेपालीलगायत प्रक्राउ पर्दा सोही प्रतिवेदनमा नाम उल्लेख भएका गुरुङलाई भने सामान्य सोधपुछसमेत गरिएको छैन । यसले पनि विपक्षीलाई कारबाही गर्ने र आफ्नो राजनीतिक प्रतिशोध पूरा गर्ने रणनीतिमा सरकार देखिन्छ ।

कांग्रेस उपसभापति धनराज गुरुङसँगै नेकपा (एमाले)का सांसद् ऋषिकेश पोखरेल, कांग्रेस सांसद् शान्ति परियार विकसम्मको नाम सहकारी ठगीमा मुछिएको छ । संसद्को सार्वजनिक लेखा समितिका सभापतिसमेत रहेका ऋषिकेश पोखरेल मोरङको धनपालथान गाउँपालिका-४ मा उमागौरी कृषि सहकारी संस्थामा भएको करोडौं रुपैयाँ ठगीमा मुछिएका छन् । यस्तै, चितवनको इच्छाकामना गाउँपालिका-५ मा अवस्थित छिमेकी कृषि सहकारी लिमिटेडबाट लिएको ऋण चुक्ता नगरेपछि कांग्रेस सांसद शान्ति परियार विक पनि सहकारी ठगीमा मुछिएकी छिन् ।

सरकारले पीडितहरूलाई राहत दिनका लागि सहकारी मन्त्रालयअन्तर्गत एउटा टाक्सफोर्स बनाएको त छ, तर त्यो पनि देखाउनका लागि मात्र बनाएको जस्तो देखिन्छ । संसदीय छानबिन समितिले दिएको सुझाव कार्यान्वयनका लागि सहकारी मन्त्रालयले आन्तरिक टाक्स फोर्स बनाएको छ । मन्त्रालयको प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखाका सहसचिव मदन कोइरालाको नेतृत्वमा सहकारी विभाग, राष्ट्रिय सहकारी बोर्डलगायत सहकारीसम्बद्ध निकायको सहभागिता रहेको समिति बनाइएको छ ।

सहकारी संस्थाको नियमनका लागि दोस्रो तहमा रहने गरी सहकारी प्राधिकरणको निर्माण गर्ने, कर्जा सूचना केन्द्रको स्थापना, सहकारीमा रकमको बिमा गर्न निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना गर्ने र कर्जा असुली न्यायाधीकरणको विषय समेटेर टाक्स फोर्सलाई ४ वटा कार्यादेशसमेत दिइएको छ ।

तर, समस्यामा परेका सहकारीको बचत फिर्ताका लागि भने अहिलेसम्म कुनै निकायबाट काम अघि बढेको छैन । संसदीय समितिले ५ लाखसम्मको बचत फिर्ताका लागि सरकारले नै पहल गर्नुपर्ने उल्लेख गरेको छ । यसका लागि सरकारले आवश्यक बजेट विनियोजन नगर्दासम्म त्यस्ता पीडितहरूले राहत पाउने सम्भावना तत्काल देखिँदैन ।

## ओलीको विरोध...

पार्टीभित्र र बाहिरसमेत चौतर्फी विरोध भए पनि पार्टीका नेताहरूलाई स्पष्टीकरणको डन्डा तेर्स्याउँदै आइतबारको बैठकबाट ओलीले भाटभटेनीका मालिक गुरुङले जग्गासहित पार्टी कार्यालय बनाइदिने निर्णय अनुमोदन गराएका छन् । ओलीको निर्देशनमा बैठकले जग्गा लिने र घर बनाउने विषय अनुमोदन गर्ने निर्णय गरेको हो । बैठकमा ओलीले पाण्डे र तिमिल्सिनालाई लक्षित गर्दै पार्टीमा अराजकहरू बढ्दै गएको टिप्पणीसमेत गरेका छन् ।

गुरुङले दान दिएको भनिएको जग्गामा गत २५ असोजमा प्रधानमन्त्रीसमेत रहेका ओलीले गुरुङसँगै भएर भवनको शिलान्याससमेत गरेका थिए । २४ असोजमा ओलीले भवनको शिलान्यास गर्ने भनेर निर्णय गराउन बोलाएको बैठकमा समेत पार्टी पदाधिकारीहरूलाई जग्गाबारे केही जानकारी दिएका थिएनन् । बैठकमा अध्यक्ष ओलीले आकस्मिक स्थायी कमिटी बैठक बोलाएर 'एक दानवीरले' जग्गा दिन लागेको र त्यसैमा पार्टी कार्यालय बन्ने भन्दै २५ गते सबैले समय निकाल्न भनेका थिए । बैठकमा उपस्थित युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्यलगायतले जग्गा दिने व्यक्तिबारे सोधखोज गर्दा ओलीले भनेका थिए, 'अहिले नै नाम किन चाहियो ? पार्टीकै शुभचिन्तक एक जना दानवीरले जग्गा दान गर्छु भन्नुभएको छ । भोलि त्यहीँ आएपछि थाहा भइहाल्छ नि !'

एमालेलाई अर्बौंको जग्गासहित भवन बनाइदिने बाचा गरेका मीनबहादुर गुरुङ ललितानिवासको सरकारी जग्गा हिनामिना प्रकरणमा दोषी ठहर भएका व्यक्ति हुन् । ३ फागुन, २०८० मा सो मुद्दामा विशेष अदालतले गुरुङसहित १३१ जनालाई दोषी ठहर गरेको थियो । फैसलामा विशेषले गुरुङलाई ८० लाख ४८ हजार रुपैयाँ जरिमाना र २ वर्ष कैद सजाय तोक्दै उनी र उनको परिवारका व्यक्तिका नाममा सारिएको सरकारी जग्गा जफत हुने फैसला सुनाएको थियो ।

सो जग्गा प्रकरणमा गुरुङ पक्राउ परेपछि तत्कालीन प्रतिपक्षी एमाले अध्यक्ष ओलीले प्रतिवाद गरेका थिए । ओलीको सोही गुन तिर्न गुरुङले एमालेलाई काठमाडौँको अर्बौं रुपैयाँ पर्ने जग्गा दान दिएका हुन् भने अगामी दसैँको घटस्थापनाअघि नै सुविधासम्पन्न भवनसमेत बनाएर हस्तान्तरण गर्ने बाचा गरेका छन् ।

ललिता निवास जग्गा प्रकरणमा सिआइबीको अनुसन्धान प्रतिवेदनका आधारमा गुरुङलगायतविरुद्धको किर्तेसम्बन्धी मुद्दा हाल विचाराधीन छ । त्यस्तै, विभिन्न फर्मको आवरणमा नक्कली बिलबिजक प्रयोग गरी कर छलेको ठहर गर्दै ठुला करदाता कार्यालयले २०६९ साल भदौ १ गते भाटभटेनीबाट १ अर्ब ५३ करोड जरिमाना गर्ने निर्णयसमेत गरेको थियो । यो निर्णयविरुद्ध भाटभटेनी राजस्व अनुसन्धान विभाग, राजस्व न्यायाधिकरण, सर्वोच्च अदालत पुगे पनि २०८० माघ १६ मा सर्वोच्चले भाटभटेनीलाई नै दोषी ठहर गरेको थियो ।

## मेयरको निर्णय...

तर, उपमेयर पनि अनुपस्थित भएमा भने अन्य कार्यपालिका सदस्यलाई कार्यभार सुम्पिन सक्ने व्यवस्था छ । तर, मेयर साम्पाङले उपमेयर कार्यालयमा हुँदाहुँदा मामा ससुरालाई कार्यवाहक मेयर बनाएका थिए । मेयरले कार्यवाहक दिएसँगै फागोले पनि मेयरकै कार्यकक्षमा टेबल कुर्सी राखेर 'कार्यवाहक नगर प्रमुख' लेखिएको नेमप्लेटसमेत राखेर कार्यसम्पादन सुरु गरेका थिए । वडाध्यक्षलाई कार्यवाह दिएको पत्रविरुद्ध उपमहानगरपालिकाका उपप्रमुख अइन्द्र विक्रम बेघाले अदालतमा रिट निवेदन दिएका थिए । निवेदकका तर्फबाट अधिवक्ताहरू कर्णबहादुर राई, प्रेमकुमार घिमिरे र विनोदकुमार तिमिल्सिनाले बहस गर्दै मेयरको अनुपस्थितिमा कार्यवाहकको जिम्मेवारी वडाध्यक्षलाई दिनु अनुचित भएको र नगरपालिकाको कामकारबाहीमा कानुनी जटिलता निम्त्याउने तर्क गरेका थिए ।

अदालतले मेयर साम्पाङले वडाध्यक्षलाई प्रत्यायोजन गरेको अधिकार बदर गरिदिएसँगै कार्यवाहक मेयरको जिम्मेवारी स्वतः उपमेयर बेघामा आएको छ । यद्यपि अदालतले गरेको आदेशमा भने यो विषय उल्लेख गरिएको छैन । तर, संविधानविद् तथा पूर्वकानुनमन्त्री गोविन्द शर्मा बन्दी प्रमुखको अनुपस्थितिमा स्वतः उपप्रमुखले प्रमुखको कार्यभार सम्हाल्नुपर्ने बताउँछन् ।

'स्थानीय सरकार सञ्चालन ऐनमा प्रमुख, उपप्रमुख, वडाध्यक्षलगायतको काम, कर्तव्य र अधिकार स्पष्ट उल्लेख गरिएको छ,' बन्दी भन्छन्, 'त्यसमा उपप्रमुखको काम, कर्तव्य र अधिकारमा प्रमुखको अनुपस्थितिमा स्वतः उपप्रमुखले कार्यभार सम्हाल्ने भनेको छ । त्यसकारण प्रमुखको पत्र अवैधानिक ठहर हुनेबित्तिकै स्वतः उपप्रमुखले कार्यवाहक प्रमुख भएर काम गर्नुपर्छ ।'

यस्तै, अर्का संविधानविद् टीकाराम भट्टराई पनि राज्य नेतृत्वविहीन हुने कल्पना संविधान र कानुनले नगरेकाले मेयरले अधिकार प्रत्यायोजन गरिरहनु नपर्ने र मेयर उपस्थित नभएको अवस्थामा स्वतः उपमेयरले कार्यवाहक मेयरका रूपमा कार्यभार सम्हाल्नुपर्ने बताउँछन् ।

## पूर्णता पाएसँगै...

सर्च कमिटीको सचिवालय कानुन मन्त्रालयमै रहने बताइएको छ । आइतबार बसेको कार्यविधिको मस्यौदामा छलफल सुरु गरेको छ भने यथाशीघ्र कार्यविधि टुंगो लगाएर पदाधिकारी सिफारिस प्रक्रिया सुरु गर्ने निर्णयसमेत गरेको छ ।

समितिलाई २ महिनाभित्र दुइटै आयोगमा अध्यक्षसहितका पदाधिकारी सिफारिस गर्ने कार्यादेश दिइएको छ । सोही कार्यादेशअनुसार समयभित्रै काम सक्ने गरी कार्यविधि निर्माणमा जुटेको समितिका एक सदस्यले जानकारी दिए । ५ मंसिर, २०६३ मा भएको विस्तृत शान्ति सम्झौतामै ६ महिनाभित्र आयोग गठन गरी शान्ति प्रक्रियाका बाँकी काम सक्ने भनिए पनि लामो समय राजनीतिक मुद्दा बनेर काम रोकिएको थियो । यसअघि २ पटक आयोग गठन भई पदाधिकारीसमेत नियुक्त भएर काम सुरु गरे पनि निष्कर्षमा पुग्न भने सकेन ।

सरकारले २५ फागुन, २०७९ मा प्रतिनिधिसभामा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक दर्ता गराएको थियो । तर विधेयकमा सहमति जुट्न नसकेपछि विधेयकमा सहमति जुट्न नसकेका ४ विषयमा सहमति जुटाउन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्व सरकारले नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबाट १/१ जना प्रतिनिधि राखेर कार्यदल गठन गरेको थियो । कार्यदलमा नेकपा एमालेका महेश बर्तौला, नेपाली कांग्रेसका रमेश लेखक र नेकपा माओवादी केन्द्रका अग्निप्रसाद सापकोटा थिए । सो कार्यदलले गत साउन २० गते ती ४ विषयमा सहमति जुटाउँदै २३ गते शीर्ष नेताहरूलाई प्रतिवेदन बुझाएको थियो । त्यसपछि २४ गते कानुन समितिबाट सर्वसम्मतले पारित भई उक्त विधेयक संसद्मा पुनः प्रवेश गरेको थियो । ३० साउनमा प्रतिनिधिसभाबाट पारित भएको विधेयक राष्ट्रियसभाबाट भदौ ६ गते पारित भएको थियो ।

### अरू के निर्णय गऱ्यो सरकारले ?

यस्तै, मन्त्रिपरिषद्ले विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्रस्ताव गरिएको करिब १३५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने निर्णय गरेको छ । साथै सरकारले विश्व बैंकबाट प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करिब २० अर्ब १२ करोड नेपाली रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने समेत निर्णय गरेको छ ।

विपद्जन्य घटनालाई सम्बोधन गर्ने गरी राहत तथा पुनर्निर्माण प्रयोजनार्थ नेपाल सरकारलाई अनुदान स्वरुप प्राप्त हुने मालवस्तुमा भन्सार महसुल छुट दिने समेत निर्णय गरेको छ भने नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकमा आशिष गजुरेललाई पुनर्नियुक्त गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका क्वारेन्टिन कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय समेत बैठकले गरेको छ । हालैको बाढीपहिरोबाट प्रभावित भई नेपाल सरकारबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका २० जिल्लाका ७१ स्थानीय तहमध्ये अतिप्रभावित, प्रभावित र सामान्य प्रभावित स्थानीय तहहरूको सेवा सञ्चालन गर्ने प्रयोजनार्थ जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् ५० लाखदेखि १ करोड रुपैयाँसम्म राहत रकम उपलब्ध गराउने निर्णय भएको छ ।

यस्तै, बैठकले मुस्ताङको कोरोला नाकामा अध्यागमन कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली र नागरिक एपबीच अन्तर-आबद्धता कायम गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत निर्णय गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

मध्य मेवा जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको राष्ट्रिय वनको ४ दशमलव ७ हेक्टर जग्गा प्रयोग गर्न दिने, मध्य मेवा-ढुंगेसाँघु १३२ केभी विद्युत् प्रसारण लाइन आयोजना निर्माणका लागि ताप्लेजुङको मेरिङ्देन गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको ५ दशमलव ०११७ हेक्टर जग्गा प्रयोग गर्न दिने, सिवा खोला जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको मिक्वाखोला गाउँपालिका, मेरिङ्देन गाउँपालिकामा रहेको राष्ट्रिय वनको ४ दशमलव ०५१ हेक्टर जग्गा प्रयोग गर्न दिने र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम नेपाल सरकारका तर्फबाट कतार सरकारलाई उपहारस्वरूप चितवन राष्ट्रिय निकुञ्जको हात्तीसारमा रहेका एकजोडी हात्ती उपहार दिने निर्णय पनि बैठकले गरेको मन्त्री गुरुङले जानकारी दिए ।

यस्तै, बैठकले सदर चिडियाखानाको व्यवस्थापन जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गर्नेसमेत निर्णय पनि गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने, नेपालको नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन विश्लेषण गरी सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणालीको विकास गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने, कारागार कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, दूरसञ्चार ऐन, २०५३ को दफा ४५ को उपदफा (३) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणलाई आर्थिक वर्ष २०८१/८२ का लागि ३ अर्ब रुपैयाँ उपलब्ध गराउनेलगायत निर्णय गरेको छ ।

यस्तै, सातै प्रदेशमा उपचार खर्च बेहोर्न नसक्ने नागरिकलाई कस्मेटिकबाहेकको जलन उपचार व्यवस्था निःशुल्क गर्ने र पशु बधशाला र मासु जाँच (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने समेत निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

**पुनः विद्युतीय दरभाउपत्र आह्वानको सूचना**

दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/०७/०५

यस प्रदेश स्वस्थ्य आपूर्ति व्यवस्था केन्द्र, सुर्खेतबाट तपसिल बमोजिमको कार्य विद्युतीय दरभाउपत्र (E–Sealed Quatation) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट रीतपूर्वक पुनः दरभाउपत्र पेश गर्नका लागि आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | खरिद सम्बन्धी विवरण | फाराम दस्तुर रु. | जमानत रकम रु. | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | PHLMC/KP/G /SQ-03/081-82 | Procurement of NCD and Mental Health Medicine | १,०००/- | १,१५,०००/- | ७५ दिन | २०८१/०७/२० १२:०० बजे | २०८१/०७/२० १४:०० बजे |

निर्देशक



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रलय
सञ्चार रजिष्ट्रारको कार्यालय
हेटौडा, मकवानपुर नेपाल

**मौलिक चलचित्रमा भविश्य बनाउन चाहने व्यक्ति वा संस्थालाई अवसर**

पहिलो पटक सुचना प्रकाशित मिति २०८१/०७/०५

मौलिक चलचित्र निर्माण तथा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ बमोजिम चलचित्र क्षेत्रमा आफ्नो भविश्य बनाउन चाहने बागमती प्रदेशको बासिन्दा वा पाँच वर्षदेखि बागमती प्रदेशमा क्रियाशिल व्यक्ति वा संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका बिषयमा प्रस्ताव वा आवेदन कार्यालयको ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ ।

१. वैशाख मसान्तभित्र छायाङ्कन गरी निर्माण गर्न सक्ने, बागमती प्रदेशको मौलिकपना, संस्कृति, पर्यटन र सामाजिक सदभावमा यागदान पुर्याउने चलचित्र निर्माण गर्न चाहने चलचित्र निर्माताले चलचित्रले दिन खोजेको स्पष्ट सन्देश पटकथामा खुल्ने गरी अनुसूची-१को ढाँचामा कार्ययोजना सहित प्रस्ताव पेश गर्न सक्नेछन ।
२. पटकथा लेखन कार्यशालामा सहभागी भई लघु चलचित्र निर्माण गर्न चाहने व्यक्तिले कार्यविधिको दफा ८ बमोजिमको नम्बर प्राप्त गर्ने गरी अनुसूची-२ को ढाँचामा प्रस्ताव पठाउन सक्नेछन ।
३. चलचित्रलाई ग्रहण गरी समीक्षा गर्न चलचित्र एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्तिले कार्यविधिको दफा १० बमोजिम अनुसूची-३ को ढाँचामा आबेदन पठाउन सक्नेछन ।
४. बागमती प्रदेशका विषयवस्तुमा आधारित भई कार्यविधिको दफा १६ बमोजिम वृत्तचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची १ को ढाँचामा कार्ययोजना सहितको प्रस्ताव पेश गर्न सक्नेछन ।
५. कम्तिमा एसइई उर्तिण गरेका व्यक्तिले अभिनयकला सम्बन्धी सीप सिक्न कार्यालयको वेबसाइटमा रहेको निवेदनको ढाँचामा आवेदन पठाउन सक्नेछन ।
६. वागमती प्रदेशमा छायाङ्कन गरी निर्माण गरिएका वा वागमती प्रदेशको कथावस्तुमा आधारित चलचित्र अन्तराष्ट्रिय महोत्सवमा छनौट भई सहभागिता जनाएका वा जनाउन चाहने चलचित्र निर्माताले अनुसुची-५ बमोजिमको सहयोग पाउन कार्यविधिको अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्ताव पठाउन सक्नेछन ।
७. कम्तिमा तीन वर्षदेखि वागमती प्रदेशमा चलचित्र महोत्सव आयोजना गरेको संस्थाले कार्यविधिमा तोकिएको सहयोग प्राप्त गर्न महोत्सवको प्रकृति, महोत्सवमा प्रदर्शन गरिने चलचित्रको विवरणसहितको प्रस्ताव पठाउन सक्नेछन ।
८. श्रव्यदृश्य तथा चलचित्र निर्माण सम्बन्धी आधारभुत सीप सिक्न चाहने सामुदायिक बिद्यालयमा कक्षा ९ र कक्षा ११ मा अध्ययनरत बिद्यार्थी र सामाजिक बिषय अध्यापन गराउने शिक्षकले कार्यालयको वेवसाइटमा अविभावकको सहमतिपत्र र सम्बन्धित बिद्यालयको सिफारिसका आधारमा कार्यालयको वेवसाइटमा राखिएको निवेदनको ढाँचामा आवेदन दिन सक्नेछन् ।
९. कार्यालयको वेवसाइट https://cro.moial.p3.gov.np/law/13/procedure मा रहेको कार्यविधि अध्ययन गरी कार्यविधिमा तोकिएका बिषय समेटने गरी आवेदन वा निवेदन पठाउनु हुन अनुरोध गरिन्छ ।

**निवेदन पठाउने ठेगाना**

इमेल : admin.cro@bagamati.gov.np

निवेदन दिने स्थान : सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश

फोन नं. : ०१-५४२०४४७ (जावलाखेल ललितपुर )/ ०५७-५२०२५० (हेटौडा मकवानपुर)



हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१।०७।०५

हेटौंडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा e–bidding मार्फत समय सीमाभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुदाँ यस कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | HSMC/GOODS /01/081/82 | Procurement, Supply and delivery of 4WD SUV | M/S Agni Incorporated Pvt. Ltd., Panipokhari, Kathmandu | NRs. 73,75,000.00 |
| 2 | RE:HSMC/GOODS /09/080/81 | Procurement, Supply and delivery of Motorcycle | M/S Hansraj Hulaschand & Company Pvt. Ltd., Naxal, Kathmandu | NRs. 30,49,200.00 |

प्रमुख प्रशासकीय अधिकृत

# कर्णाली जलवायुपरिवर्तन सम्मेलनमा ५ बुँदे घोषणपत्र जारी



■ नन्दबहादुर रोकाया

मुगु । शनिबारदेखि मुगुको रारा तालको किनारमा वन तथा वातावरण मन्त्रालय र जलवायु परिवर्तनका क्षेत्रमा काम गर्दै आएको संस्था साथसाथैले संयुक्त रूपमा आयोजना गरेको 'कोप-२९' को पूर्व तयारी र जलवायु परिवर्तनले कर्णालीमा पारेको असरका बारेमा २ दिने कार्यशाला ५ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ । संघीय वन तथा वातावरण मन्त्रालय र साथसाथै फाउन्डेसनले आयोजना गरेको कोप-२९ को पूर्व तयारी र जलवायु परिवर्तनले कर्णालीमा पारेको अवसर र असरबारे भएको सम्मेलनमा संघीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाहीको उपस्थितिमा प्रदेश तथा स्थानीय प्रतिनिधि संघसंस्थाका प्रतिनधिसहित विज्ञहरूको छलफलले ५ बुंदे घोषणपत्र जारी गरिएको हो ।

आइतबार जारी गरिएको ५ बुँदे घोषणपत्रमा जलवायु परिवर्तनका कारण समग्र नेपाल उच्च जोखिममा भएको र कर्णाली प्रदेशमा जोखिमता साथै यस क्षेत्रको जलवायु परिवर्तनसँग जुध्ने क्षमता अत्यन्त्य कम रहेको विषयमा सम्मेलनमा विशेष छलफल तथा अन्तरक्रिया गरियो, स्थानीय, प्रादेशिक र संघीय सरकारले कार्यान्वयन गर्ने नियमित विकास निमार्णका कार्यक्रमहरू जलवायु परिवर्तनसम्बन्धी जोखिम व्यवस्थापन र जलवायु मैत्री क्रियाकलापहरू कार्यान्वयन गर्न विशेष प्राथमिकताका साथ उठान गर्दै, जलवायु परिवर्तनका कारण महिला, बालबालिका, युवा सीमान्तकृत समुदाय लगायतमा परेको प्रभाव, जोखिमता र जलवायु न्यायसम्बन्धी बिषयलाई अन्तर ाष्ट्रिय स्तरमा विशेष प्रथामिकताका साथ उठान गरिने उल्लेख गरिएको छ ।

नेपालमा जलवायु परिर्वतनले पारेको प्रभावसँग जुध्न साथै जलवायुमैत्री विकासका अवसर प्राप्त गर्न अन्तर्राष्ट्रिय समुदायको सहकार्यलाई विशेष जोड दिइने छ । जलवायु परिवर्तनले स्थानीय जनजीविकामा पारेको असर र प्राकृतिक विपद्को वैज्ञानिक लेखाजोखा गर्दै जोखिम व्यवस्थापन र असर कम गर्दै राष्ट्रिय, प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गर्दै आसन्न कोप-२९ मा नेपालमा जलवायु परिवर्तनले पारेका असर र प्राप्त हुन सक्ने अवसरहरू, साथै जलवायु मैत्री कार्यक्रमहरू कार्यान्वयन गर्न जलवायु वित्तको आवश्यकताका बारे विशेष पहल गरिने ५ बुँदे घोषण पत्रमा जारी गरिएको छ ।

सो कार्यक्रममा बोल्दै वन तथा वातावरण मन्त्री शाहीले नेपालले केही गल्ती नै नगरी अन्याय भोग्नु परेकोले क्षतिपूर्तिका लागि सरकारले अन्तर्राष्ट्रिय फोरममा आवाज उठाउने बताएका छन् ।

उनले संयुक्त राष्टसंघीय जलवायु सम्मेलनमा जलवायु कोषको रकम क्षतिपूर्ति स्वरूप पाउनका लागि आवश्यक गृहकार्य भइरहेको जानकारी दिए ।

मन्त्री शाहीले यस अघिको बजेटमा जलवायु न्यायका लागि काम गर्ने बजेट न्यून रहेकोले आगामी बजेटमा सरकारले ध्यान पुराउने दृढता राखे । जलवायु परिवर्तनका असरले कर्णालीका जनतालाई परेको असरसहित कर्णालीको अवाजलाई यसपटक कोप-२९ मा पुऱ्याउने बताए ।

कार्यक्रम आयोजक साथसाथै संस्थाका अध्यक्ष प्रजिता कार्कीले राराको सुन्दरता, छायानाथ हिमाल लगायतको हिमालको आकषण जलवायु परिवर्तनको कारणले घट्दै गएको प्रति चिन्ता व्यक्त गरिन् । 'हामी कर्णालीमा यहाँको जनजीवन जलवायु परिवर्तनले पारेको असर बुझ्न र कर्णालीका आवाज विश्वमाझ पुऱ्याउन आएका हौं', कार्कीले भनिन् ।

रारामा भएको जलवायु सम्मेलनमा पूर्वपरराष्ट्र मन्त्री डा. विमला राई पौडेल, जलवायुविज्ञ डा.मञ्जित ढकाल मन्त्रालयका सल्लाहकार डा.माधव कार्की, मन्त्रालयका उपसचिव दीपा वली, एनटीएनसीका सदस्य सचिव नरेश सुवदी, नेपाल पर्यटन बोर्डका निर्देशक श्रद्धा श्रेष्ठ, योनिक अल्पसंख्यक अभियन्ता भूमिका श्रेष्ठ, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, हेलम्बु गाउँपालिकाका प्रमुख निमा ग्याल्जेन शेर्पा, खुम्बु पासाङ गाउँपालिका उपप्रमुख टासी लामाले विभिन्न प्रस्तुति राखेका थिए । सो अवसरमा स्थानीय तथा जलवायु परिवर्तनको असर भोगेका विभिन्न पालिकाका जनप्रतिनिधि, संरक्षणविदसँग प्यानल छलफल गरिएको थियो ।

# चितुवाको त्रासमा सिमलघारीवासी



■ सौर्य समाचार

बाँके । चितुवाले घरमा आएर मानवीय क्षति पुऱ्याउन थालेपछि खजुरा गाउँपालिका-६ सिमलघारीका स्थानीय त्रसित भएका छन् । स्थानीय गिजरा सामुदायिक वनबाट चितुवा बस्तीमा पसरे आक्रमण गर्न थालेपछि स्थानीय त्रसित भएका हुन् ।

गत ३० भदौमा घरबाट स्थानीय वीरन्द्र पुनकी ३ वर्षीया बालिका लक्ष्मी पुनलाई चितुवाले आक्रमण गरी ज्यान लिएपछि सिमलघारीवासी त्रसित बनेका स्थानीय विनोद शाहीले बताए । 'चितुवाले यसअघि पनि पटकपटक खोरमा राखेका बाखा तान्ने गरेको थियो, अहिले मान्छे तान्न थाल्यो', उनले भने, 'घरको आँगनमा खेल्दै गरेकी बालिकालाई चितुवाले लगेपछि असुरक्षा बढेको छ ।'

बालिकाको घरदेखि करिब १ किलोमिटर पश्चिमतर्फको गिजरा सामुदायिक वनको जंगलमा टाउको र एउटा खुट्टा फेला परेको थियो । सिमलघारी बस्ती नजिकै मानखोला किनारमा गिजरा सामुदायिक वन पर्दछ ।

मानखोला पारी बर्दिया जिल्लातर्फ ठूलो जंगल रहेकाले राति जंगली जनावर मानव बस्तीमा आउने गरेका खजुरा-६ का वडाध्यक्ष फारुख शेषले बताए । जंगली जनावरका कारण स्थानीयवासी एक्लै हिंडडुल गर्न, घरायसी काममा निस्कन, दाउँरा, घाँस गर्नसमेत डराउनुपर्ने स्थिति आएको उनले उल्लेख गरे ।

गिजरा वनबाट २ चितुवा नियन्त्रणमा लिए पनि स्थानीयको त्रास घटेको छैन । गत भदौमा बालिकाको चितुवाले ज्यान लिएपछि डिभिजन वन कार्यालय बाँकेले गत असोज १ गतेदेखि चितुवा नियन्त्रणमा लिन खोजतलास र नियन्त्रणको कार्य सुरु गरेको थियो ।

खोजतलासका क्रममा हालसम्म २ चितुवा खोर (केज) मा परेका डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत राजबहादुर चौधरीले जानकारी दिए । सामुदायिक वनमा अझै पनि चितुवा देखिएकाले स्थानीयवासीलाई सतर्कता अपनाउन आग्रह गरिएको उनले बताए ।

गत असोज १८ गते र २५ गते २ चितुवा नियन्त्रणमा लिई चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा पठाइएको वरिष्ठ वन अधिकृत चौधरीले बताए । उनका अनुसार चितुवालाई नियन्त्रणमा लिन १ असोजदेखि वन क्षेत्रमा ३ वटा फलामको खोर र वनका ५ स्थानमा ५ वटा सिसी क्यामेरा जडान गरी निगरानी गरिएको थियो । उनका अनुसार १ हप्ताभित्र २ चितुवा नियन्त्रणमा आएका छन् ।

बाँके र बर्दियाको सीमावर्ती क्षेत्र मानखोलाको किनारमा पर्ने गिजरा सामुदायिक वनबाट चितुवा बस्तीमा पसरे आक्रमण गर्न थालेपछि स्थानीय त्रसित हुँदै आएका छन् । २ वटा चितुवा नियन्त्रणमा आएपछि केही राहत महसुस भएको खजुरा गाउँपालिका अध्यक्ष डम्बर विकले बताए ।

वन क्षेत्रमा अझै चितुवा रहेकाले खोजी नियन्त्रणमा लिने प्रयास भइरहेको भन्दै उनले स्थानीयलाई आवश्यक सतर्कता अपनाउन आग्रहसमेत गरेका छन् ।

# फलातेमा चियाखेतीको परीक्षण सफल

■ सौर्य समाचार



म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ फलातेमा चियाखेतीको परीक्षण सफल भएको छ । स्थानीय केशबहादुर गौचनले समुद्र सतहबाट २ हजार ४७० मिटर उचाइमा रहेको फलातेमा गरेका चियाखेती सफल भएको हो ।

'कृषि अनुसन्धान परिषद् (नार्क)बाट विज्ञ र माटो विज्ञ ल्याएर अध्ययन गरेर हाइअल्टिच्युडमा परीक्षणका लागि धनकुटाको पाखीबासबाट चियाका बिरुवा ल्याएर रोपेको थिएँ', गौचनले भने, 'परीक्षणका लागि गरेको चियाखेती सफल भएको छ ।'

परीक्षण खेती सफल भएपछि फलाते आसपासका बाँझो पाखा जमिनमा चियाखेती गरेर किसानले आम्दानी गर्न सक्ने गौचनले बताए । आफन्त र बजारमा कोसेलीका रूपमा पठाउनुका साथै म्याग्दीको पर्यटकीय घोडेपानी, शिख, घारका होटलमा फलातेको चिया प्रयोग हुन थालेको छ ।

विषादी र रासायनिक मलको प्रयोग नगरी उत्पादन गरिएको चियालाई 'ब्ल्याक टी' नाम दिइएको छ । स्वाद र गुणस्तर राम्रो भएकाले फलातेको चियाले स्थानीय उपभोक्ताको मन जित्न थालेको छ । वार्षिक ५० किलोग्रामसम्म चिया उत्पादन हुने गरेको गौचनले बताए ।

काठमाडौंमा व्यवसाय गर्दै आएका गौचनले पुर्ख्यौली जन्मथलोमा खेर गएको बारीमा चियाखेतीसँगै दाँतेओखर पनि लगाएका छन् । चिया बगानको रेखदेख भने ८२ वर्षीया आमा रनदेवी गौचनले गर्छिन् । रनदेवीसँगै अन्य २ जना स्थानीय कामदारले रेखदेख, चिया टिप्ने, सुकाउने र प्रशोधन गर्दै आएका छन् ।

६ रोपनी क्षेत्रफलमा चियाखेती गर्न २० लाख लगानी भएको रनदेवीले बताइन् । 'अन्नपूर्ण चक्रीय पदमार्गको घोडेपानी-भुरुङ तातोपानी पदमार्गमा यात्रा गर्ने पर्यटक पनि चिया बगान हेर्नका लागि आउँछन्', उनले भनिन्, 'पाहुना र पर्यटकलाई आफ्नै बगानको चिया पकाएर खुवाउने गरेकी छु ।'

फलातेअघि अन्नपूर्ण गाउँपालिका-६ खिवाङको पाखामा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मार्फत चियाखेती भए पनि रेखदेख र संरक्षण नहुँदा बगान मासिएको थियो । मालिका गाउँपालिका-३ किनेतीस्थित वडा कार्यालय पसिरको सार्वजनिक पाखोमा पनि परीक्षणका लागि गत वर्ष चियाखेती भएको छ ।

म्याग्दीका अन्य ठाउँमा व्यावसायिक रूपमा चियाखेती भएको छैन । फलातेको चिया बगानको अवलोकन गर्न पुगेका अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले स्वाद, गुणस्तरका हिसाबले व्यावसायिक चियाखेतीको सम्भावना देखिएको बताए । चियाखेतीको माध्यमबाट बाँझिएका खेतीयोग्य जमिनलाई सदुपयोग, रोजगारी र आयआर्जनको अवसर सिर्जनाका साथै पर्यटन प्रवर्द्धन गर्न सकिने उनको तर्क छ ।

# मकै बेचेर जीवन निर्वाह

■ सौर्य समाचार

धरान । इटहरी उपमहानगरपालिका-६ काफुलमति राजवंशीको दैनिकी मकै पोलेर बित्ने गरेको छ । दिनभर अरूको मजदुरी गर्नुभन्दा मकै पोलेर बिक्री गर्दा मनग्य आम्दानी हुने गरेको उनले बताइन् । राजवंशी मोरङ र झापाको विभिन्न ठाउँबाट मकैबारी नै ठेक्का हालेर खरिद गरेर ल्याई बिक्री गर्ने गरेको बताउँछिन् । दिनभर इटहरीस्थित राधाकृष्ण मन्दिर नजिकैको सडकपेटीमा मकै पोल्दै बेच्नमा राजवंशी व्यस्त देखिन्छिन् । उनले पोलेको सानो मकै घोगा २० र ठूलो मकै ४० रुपैयाँ सम्ममा बिक्री गर्दै आएकी छन् ।

उनले भनिन्, 'विगत २० वर्षदेखि मकै पोलेर बेच्दै आएकी छु, बाँकी अरू केही गरेर खानलाई सीप छैन, त्यत्ति धेरै पढ्न पनि सकिएन आफ्नै खेतीपाती गर्न जग्गा छैन, यसरी नै अरूको बारीबाट मकै खरिद गर्दै बेच्ने गरेकी छु ।' दिनमा मकै बेचेर १ हजार ५०० देखि २ हजारसम्म कमाइ हुने गरेको राजवंशीले बताइन् । 'महिनामा ३० हजारदेखि ४० हजारसम्म कमाइ हुन्छ', उनले भनिन् । इटहरी-२ की पार्वती चौधरी ३ वर्षदेखि मकै पोलेर बिक्री गर्दै आएकी छन् । उनले भनिन्, 'बेमौसममा भने काँचो मकै खरिद गर्न अलिक समस्या पर्छ, बारीमै ठेक्का हान्न सकियो भने धेरै नाफा हुन्छ । तर म ठेक्का हाल्दिनँ, घोगाकै हिसाबले खरिद गरेर बिक्री गर्ने गरेकी छु ।'

मकै प्रतिघोगा १० देखि १५ रुपैयाँमा खरिद गरेर २० देखि ३५ रुपैयाँसम्ममा बिक्री गर्ने गरेको चौधरीले बताइन् । फुर्सदको समयमा उनले बिहान जंगल गएर दाउरा संकलन गरेर ल्याई बिक्री गर्ने गरेको बताइन् । उनले भनिन्, 'बिहान दाउरा खोज्न जान्छु, जंगलबाट दाउरा खोजेर ल्याएर बिक्री गर्छु । बिहानभर दाउरा खोज्छु, दिउँसोदेखि साँझसम्म मकै पोलेर बेच्ने गर्छु । महिनामा ३० हजारदेखि ४० हजार रुपैयाँसम्म कमाइ हुन्छ, यसैबाट घरखर्च चलाउने गरेकी छु ।'


## Gramthan Rural Municipality
### Office of the Rural Municipal Executive
Tetariya, Morang, Koshi Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2081/07/05**

1. *Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders NCB under Single Stage Double Envelope Procedure for the construction of *work as stated in table below*.

| S. N. | Contract ID/IFB No. | Description | Bid Document Fee | Bid Security | Last date and time for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 10-081-082 | Wada No 2 Bibhinna Sadak Kalopatrey (Package) | 5,000 | 8,00,000 | 20th Nov 2024 |

2. Eligible Bidders may obtain further information from the PPMO e-GP system web portal www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**Chief Administrative Officer**



## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति-२०८१।७।५**

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८१।६।१ गते प्रकासित बोलपत्र सूचना अनुसार तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभुतरुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम सम्बन्धित सबैको जाकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगना | कवोल अंक रु भ्याट बाहेक |
|---|---|---|---|
| ११. आ. बा. २०८१।०८२ | महाकाली नदीको प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन गर्ने कार्यका | स्वामि केदार निर्माण सेवा, चन्द्रतारा निर्माण सेवा, जया कैलाशपति विल्डर्स जे. भी., काठमाडौं | रु . ६,९५,००,०००।०० |

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# मुठभेठ निम्त्याउँदै सरकार


सरकार आफ्नै प्रतिवद्धताको खिलापमा उत्रिएको छ। वर्तमान सरकार गठनका लागि नेपाली कांग्रेस र एमालेबीच भएको ७ बुँदे संझौताको पहिलो सूचीमा राष्ट्रिय सहमतिका साथ अघि बढ्ने प्रतिवद्धता जनाइएको थियो । संविधानका असान्दर्भीक प्रावधान संशोधन गर्ने प्रतिवद्धता उल्लेख थियो। संविधान संशोधनका लागि सके राष्ट्रिय सहमति नभए पनि सत्तापक्ष र प्रतिपक्षबीचको सहमति जरुरी हुन्छ। त्यसैले कम्तिमा पनि अब सत्तापक्ष र प्रतिपक्षबीच द्वन्द्व होइन सहमतिको राजनीति अघि बढ्ने जनअपेक्षा थियो। आफ्नो प्रतिवद्धता कार्यान्वयनका लागि पनि सरकारले प्रतिपक्षीदलहरूप्रति नरम नीतिको सुरुआत गर्ला भन्ने जनअपेक्षा स्वभाविक थियो। तर, करिब १०० दिनको अवस्था हेर्दा यो सरकार आफ्नो प्रतिवद्धताबाट धेरै टाढा पुगिसकेको छ। आफ्नो हैसियतसमेत गुमाउँदै लगेको छ। उदाहरणका लागि गत शुक्रबार बसेको प्रतिपक्षी दलहरूको संयुक्त बैठकमा सत्तामा रहेका लोसपा र नागरिक उन्मुक्ति पार्टीका अध्यक्षले समेत सहभागिता जनाए। उक्त बैठकले सरकारमाथि विभिन्न आशंका गर्दै आन्दोलनमा उत्रने पृष्ठभूमि बनाएको कुरा समाचारमा आइसकेको छ। सरकार दिन गनेर कमजोर हुँदै छ भन्ने संकेत हो यो। प्रतिपक्षी दलहरूको साथ सहयोगविना राष्ट्रिय सहमति संभव छैन, राष्ट्रिय सहमतिविना संविधान संशोधन संभव छैन। जबरजस्ती गर्नु भनेको मुठभेड निम्त्याउनु मात्रै हो। प्रतिपक्षीदलहरूको विश्वास लिएर अघि बढ्नु पर्ने अवस्थामा सरकारले किन द्वन्द्वका लागि आमन्त्रण गरिरहेको छ ? भन्ने प्रश्न कम गम्भीर छैन।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई खोरमा राखेर अनुसन्धान गर्न अत्यन्त जरुरी थियो या, बाहिरैबाट पनि उनले अनुसन्धानलाई सहयोग पुऱ्याउने अवस्था थियो ? भन्ने प्रश्न आफ्नो ठाउँमा छ । तर उनलाई खोरमा राखेर सरकार स्वयंले मुठभेड निम्त्याइसकेको छ । देशको चौथो ठूलो दल रास्वपा आन्दोलनमा उत्रिइसकेको छ। लामिछानेको पक्षमा शनिबार र आइतबार पोखरामा उर्लिएको जनसागर २-४ दिन अरू टिक्यो भने परिणाम अकल्पनीय पनि हुन सक्छ । किनकी आन्दोलनको आगो दन्केपछि घिउतेल हाल्ने तत्वहरूको कमी हुँदैन । विगतले पनि यो देखाइसकेको छ । शासन व्यवस्था विरोधीहरूले यस्तै तरल अवस्था पर्खेर बसेको परस्थिति हो यो । त्यसमा पनि व्यवस्था विरोधीको साथ लिन रास्वपालाई कुनै अप्ठेरो छैन। वर्तमान शासन व्यवस्था स्थापना तथा निर्माणमा सहभागी नभएको रास्वपाका लागि शासन व्यवस्था जोगाउने नैतिक दायित्व पनि छैन । पार्टी अध्यक्ष लामिछानेका अराजक अभिव्यक्तिहरूले त्यसको संकेत गरिसकेका पनि छन् ।

वर्तमान शासन व्यवस्था स्थापना तथा निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका कतिपय दलहरू पनि प्रधानमन्त्री केपी शर्मा ओलीका भित्री तयारीप्रति ज्यादै नै सशंकित छन्। शुक्रबार बसेको प्रतिपक्षीदलहरूको बैठकमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले धेरै नै गम्भीर आशंका प्रकट गरेका छन् । प्रतिपक्षी दलहरूलाई विभाजन गर्न सहज हुने गरी अध्यादेश ल्याउने तयारीमा प्रधानमन्त्री ओली रहेको आशंकाका साथ उनले कतिपय संकेतहरू पेस गरेका छन्। सूचना पाएर नै उनी यतिविधि सशंकित भएका हुन सक्छन्। संविधान र नियमावलीको प्रावधानअनुसार केही महिनाअघि जसपा नेपाल विभाजन भइसकेको छ । निर्वाचन आयोगले नयाँ दललाई मान्यता दिइसकेको छ । दल विभाजनका लागि अध्यादेश ल्याउन जरुरी छैन, साविककै प्रावधान प्रयाप्त छ भन्ने कुरा स्पष्ट भइसकेको छ। तर, साविकको प्रावधान प्रधानमन्त्री ओलीका लागि प्रयाप्त हुन सकेन । किनकी विभाजन भएर नयाँ पार्टी बनेको ५ वर्ष पुगिनसकेका कारण साविकको प्रावधानअनुसार एकीकृत समाजवादी विभाजन हुन नसक्ने अवस्था छ। यसैका लागि अध्यादेश ल्याउन लागिएको समाचार बाहिरिएको छ। तत्कालीन प्रधानमन्त्री ओलीले केही वर्षअघि संसद् विघटनको शृंखला नै चलाएको अवस्थामा एमालेको विभाजनविना सरकार नै नबन्ने अवस्था थियो, शासन व्यवस्था नै धरापमा पर्ने अवस्थासमेत थियो। वाध्यताबस अध्यादेश ल्याउनुपरेको ओली पछिका प्रधानमन्त्री शेरबहादुर देउवाले दावी गरेका थिए। तर, अहिले अध्यादेशै ल्याएर पार्टी विभाजन गर्नुपर्ने अवस्था छैन । त्यतिबेला एमाले विभाजनको बदला लिन ओलीले यो षड्यन्त्र गरेका हुन् भने अलग कुरा हो । तर ओलीको यो षड्यन्त्रमा सहभागी बन्न कांग्रेस सभापति शेरबहादुर देउवालाई नैतिक रूपमा कत्ति पनि सहज छैन। उधारो प्रधानमन्त्री पदले वाध्य पाऱ्यो भने छुट्टै कुरा हो।

## कात्तिक ५ गतेको राशिफल

| | |
|---|---|
| मेष | चिन्ता बढने । |
| वृष | सुख प्राप्त । |
| मिथुन | कडा परिश्रम । |
| कर्कट | दाजुभाई सित सुख । |
| सिंह | कार्यमा बाधा । |
| कन्या | धन हानि । |
| तुला | स्वास्थ्यमा सुधार । |
| वृश्चिक | यात्रामा लाभ । |
| धनु | विवादमा परिने । |
| मकर | भाग्यमा अवरोध । |
| कुम्भ | कार्य सम्पन्न । |
| मीन | चिन्ता बढने । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# सहकारी समस्या, सहकार्य र समाधान



अर्जुन मोहन भट्टराई

'एकको लागि सबै, सबैको लागि एक'भन्ने नारामा रकडेलले सन् १९४४ तिर सुरु गरेको थिए सहकारी । नेपालमा सन् १९५७ मा राप्ति भ्याली विभाग कोअपरेटिभबाट सहकारी सुरु भएको इतिहासमा पाइन्छ। सुरुमा बचतको उद्देश्य राखेर खोले पनि पछिल्ला दिनमा बहुउद्देश्यबाट विकृतिसमेत भित्र्याइएका छन् । प्रष्ट ऐन नियम नभई आएको सहकारी खोल्नेको भिडले आजको अवस्था उत्पन्न भएको हो। सहकारीका नाममा मलदेखि अस्पतालसम्म रेडियोदेखि टिभिसम्म खोलेको अवस्था छ।

आँकडा हेर्दा सहकारीमा एमाले, कांग्रेस र माओवादी समेतको संलग्नता छ । यसकाराण पनि सर्वसाधारणको बचत फिर्ता आउनेमा शंका छ । दर्जनौँ सरकार परिवर्तनसँगै सहकारीको समस्या समाधानका लागि आयोग गठन हुँदै आएको छ, तर काम शून्य छ। दलका मानिसहरू यो बारेमा मुख खोल्न डराउँछन् । अन्य सर्वसाधारणमा जानकारी नै छैन । सरकारले वास्ता गर्दैन । बचतकर्ताहरू संकटमा छन्, न त उनीहरूसँग राजनीतिक पहुँच छ, बरु ऋणि बलिया छन्, उनीहरू ताकत देखाएर ऋण नतिर्न मिनाहा लिन सक्रिय छन् ।

सहकारी समस्या समाधानमा उपायहरू के के हुन सक्छन् त ? को को जिम्मेवार हुन् त ? ती जिम्मेवारहरू किन अगाडि आएर बोल्दैनन् ? सरकार उनीहरूलाई किन कारबाही गर्दैनन् । सरकारी विभागको जिम्मेवारी के हो ? सहकारीको अनुगमन हुँदैन ? किन यतिका समस्या एकैपटक आए ? सहकारी संघ, जिल्ला सहकारी कार्यालयको भूमिका के रह्यो ? किन अनुगमन भएन, निगरानी रहेन ? समस्या एकाएक किन आयो । यी सबै प्रश्नको उत्तरमा नै समाधान छ। यो सहकारी समस्या एकाएक आएको अवश्य होइन ।

सहकारी विभागको काम तालिम नियमन र प्रवर्द्धन छ, तर नियमन शून्य छ। उता मन्त्रीको अध्यक्षतामा रहेको बोर्ड जसले सहकारी प्रवर्द्धन तथा विकाससम्बन्धी कार्यहरू गर्ने अध्ययन अनुसन्धान गर्ने, सहकारी विकास नीति निर्माण तर्जुमा गर्ने आदि काम गर्छ, तर यसरी यति धेरै सहकारीसम्बन्धी सरकारी निकाय र संरचनाहरू निकम्मा छन् । बचतकर्ताहरू बेहाल भएका छन् । कोही जिम्मा लिन चाहान्न । भूमिसुधार तथा सहकारी गरिबी निवारण मन्त्रालय छ, जसको कार्यहरूमा: सहकारी सम्बन्धी राष्ट्रिय सहकारीसम्बन्धी राष्ट्रिय नीति कानुन, मापदण्ड सहकारी बैंकसम्बन्धी नीति कानुन, राष्ट्रिय तत्थ्यांक, व्यवस्थापन, अध्ययन, अनुसन्धान अनुगमन मापदण्ड र नियमन छन् तर काम शून्य छ।

आधिकारिक तत्थ्यांकअनुसार नेपालमा २९ हजार ८८६ सहकारीमा, कुल ७३ लाख ७ हजार ४६२ सदस्य छन्। जसमा ८८ हजारले रोजगारी पाएका छन्। ४ दशमलव ७७ खर्ब रुपैया बचत संकलन र ४ दशमलव २६ खर्ब रुपैयाँ ऋण लगानी छ। यो तत्थ्यांक सहकारीसम्बन्धी पुस्तकबाट लिइएको हो । २०७७ तिरको यो डाटालाई आधार मान्दा पनि सहकारीको भूमिका खरो छ नै ।

**सहकारीको समस्या:** सञ्चालक, राज्य, सहकारी ऐन, नियम, सहकारी सम्बन्धित कार्यालय निकाय, विभाग, बोर्ड, बचतकर्ता ऋणी, बैंकको आचरण व्यवहार प्रवृत्ति, ऋण लिनका लागि बैंकको ढिलासुस्ती आदि कारक तत्व, चर्को व्याज, बहुउद्देश्य स्वरूप संरचना आदिसँग सहकारीका समस्या जोडिएका छन् । फितलो अनुगमन, पुराना ऐन, निकम्मा बिभाग बोर्ड, लोभी बचतकर्ता तथा ठग अनैतिक बेइमान सञ्चालक पनि समस्या हुन् । यसमा सञ्चालकको आर्थिक वित्तीय विश्लेषण क्षमताको कमी, वर्षौंसम्म एउटै अध्यक्ष, बोर्ड परिवारवाद, बेबकुफ सदस्य बचतकर्ता स्वार्थी, अनैतिक, दुष्ट राष्ट्रसेवक हुन् । बढी दोषी बोर्ड, विभाग, मन्त्रालय अनुगमन निकाय, कम दोषी बचतकर्ता ऋणी तथा पूर्ण दोषी सञ्चालक नै हुन् ।

## समाधानका तत्कालीन उपाय

बचतकर्ता ऋणीको वास्तविक लगत तत्काल लिने। व्याज मिनाहा, सावा फिर्ताको लागि बचतकर्तालाई जानकारी दिने । सञ्चालकहरूको चल अचल सम्पत्ति सबै सम्पत्ति तत्काल रोक्का गर्ने । सहकारीलाई राजनीतिक रंग नदिने । समायानुकूल ऐन, कानुनको अभाव भएकाले अध्यादेशबाट काम गर्ने । हरेक ७७ जिल्लामा सिडियोमार्फत सबै ऋणी तथा बचतकर्ताको लगत लिने। अध्यादेशबाट सिडियोलाई जिम्मा दिने केन्द्रबाट काम गर्न नमिल्ने भएकोले । मन्त्रालय बोर्ड विभाग निकाय धेरै भएकाले एक निकायबाट काम गर्ने जिल्ला सहकारी सशक्त बनाउने । कम रकम बचत गरेका बचतकर्तादेखि रोलक्रम मिलाएर फिर्ता गर्ने। सहकारीको विवादमा तानिएका मुछिएकालाई मुद्दा किनारा पार्टी जिम्मेवारीबाट निलम्बन गर्ने । सहकारी ठगी मुद्दा फास्ट ट्र्याकमा राख्ने ।

> “ साना बचकर्ताहरू जो २-४ पैसा भए पनि बढी व्याज पाउने लोभमा सहकारीमा पैसा राखे, अनि ठगिए। उनीहरूको बोली अर्थहीन छ। किनकी यो मत्स्य न्याय भएको देश हो जहाँ ठुलोमाछाले सानो माछा खान्छ। यी साना बचतकर्ताको पनि मनोविज्ञानले पनि कहीँ कतै असर पारेको छ। उनीहरूको लोभ पनि ठगिनु मूल कारण हो। 'भुइँको टिप्दा पोल्टाको खस्यो' भन्ने उखान छ। यहि भयो, कारण पनि प्रष्ट छ

यसैगरी सहकारी विवाद समाधान गर्न विगत १० वर्षदेखि विभाग र बोर्डको प्रमुख कार्यकारी कर्मचारीको जिम्मेवारीमा रहेका कर्मचारीलाई सोधपुछ गर्ने, सहकारी समस्या समाधानमा संलग्न गराउने अन्य जिम्मेवारी नदिने । सहकारी समाधानमा सिडियोको मातहतमा कार्यालय राखेर २४ घण्टा काम गरी नतिजा ल्याउने । विवादास्पद तथा ठगीमा देखिएका सहकारीको सञ्चालक जोकोहीलाई पनि थुनामा लिने । प्रमाण लुकाउने भएकोले सबै विवादास्पद सहकारीको कागजात जफत गर्ने । मालपोतबाट सहकारी तथा सञ्चालकको नाममा रहेका सबै सम्पत्ति रोक्का गर्न पत्राचार गर्ने । सहकारी सञ्चालकहरूको सम्पत्ति विवरण उठाउने । विवादास्पद सहकारी सञ्चालकलाई मुलुक छाडन नदिने पासपोर्ट रोक्का गर्ने रहेका छन् ।

## समस्या समाधानमा आउने चुनौती

सबै कुरा राजनीतिले निर्क्योल गर्ने देशमा आफू निकट पक्रदा कार्यबाही गर्दा एमाले कांग्रेस माओबादीबाट अवरोध हुन सक्छ साथै ठुला प्रभावशाली राजनीतिक व्यक्ति नै सहकारीमा ठगी गर्ने भएकोले यो समाधानमा ठुलै इच्छाशक्ति चाहिन्छ जुन आशा गर्न सकिन्न । सरकारी कर्मचारी पनि कहीँ न कहीँ दोषी छन् उनीहरूको मिलोमतोबिना ठगी असम्भव छ यसकारण उनीहरू पनि छानबिनमा बाधक नै हुन्छन । सहकारी नियमक निकाय ठगी देख्दादेख्दै चुपचाप छ यसमा छानबिनमा उनिहरूसमेत पर्छन् । अर्कोतर्फ लुटेको धन लुकाउने थलो सहकारी हो यहाँ अकुत धन छ यसकारण ठुला बचतकर्ता चुप नै छन्, उनीहरू यो विषय उठाउन चाहान्नन स्रोत नखुलेको सम्पति सहकारीमा छ यसकारण मौन छन् उनीहरू धैर्य गर्छन् दलको इशारा उनीहरूलाई छ ।

यसैगरी साना बचकर्ताहरू जो २-४ पैसा भए पनि बढी व्याज पाउने लोभमा सहकारीमा पैसा राखे, अनि ठगिए । उनीहरूको बोली अर्थहीन छ । किनकी यो मत्स्य न्याय भएको देश हो जहाँ ठुलो माछाले सानो माछा खान्छ । यी साना बचतकर्ताको पनि मनोविज्ञानले पनि कहीँ कतै असर पारेको छ । उनीहरूको लोभ पनि ठगिनु मूल कारण हो । भुइँको टिप्दा पोल्टाको खस्यो भन्ने उखान छ । यही भयो, कारण पनि प्रष्ट छ । लगानीको वातावरण छैन । सरकारको सोच दुष्ट छ । साना व्यवसायी बाँच्न गाहो छ । साँढेको जुधाई बाच्छाको मिचाइ भइरहेको छ ।

## दीर्घकालीन समाधान

सरकारले पक्कै अर्को आयोग बनाउँछ । सरकारको काम नै आलटाल गर्ने हो । सरकारले चाहेको भए कांग्रेस एमालेका दिग्गज केशव बडाल, दीपक बाँस्कोटाजस्ता दल निकट विज्ञबाट छानबिन गराउँथ्यो, नकी सूर्य थापालाई छानबिन गर्न लगाउँथ्यो । कांग्रेस एमालेका सहकारी भेट्रान छाडेर गरिएको फितलो छानबिन टालटुले हो, सरकारले आयोग बनाउँछ न्यायाधीश राख्ला, तर काम हुँदैन अब त कार्यान्वयनको खाँचो छ, ऐन बाधक छ ।

७७ जिल्लामा सिडियोबाट काम गराउने, लगत लिने काम थाल्ने सावा दिने व्याज नदिने ऋणि सञ्चालकको सम्पति रोक्का गर्ने विधेयकमार्फत अगाडि बढ्न विद्यमान ऐन बाधक भएकाले सर्वदलीय सहमतिमा काम गर्नुपर्छ । गरिबको निक्षेप फिर्ता गर्ने कामलाई तत्काल गर्ने बाँकी काम केही दिनपछि गर्ने गरी समय छुट्याएर अगाडि बढ्नुपर्छ। सबै कुरा एकैपटक मिलाउन खोज्नु मुर्खता हो । सरकारी सञ्चालकलाई दलको संरक्षण हुनु हुँदैन । लगत लिएर सञ्चालकको चल अचल भौतिक नगद जिन्सी सम्पत्ति रोक्का गर्ने पहिलो काम हो। साथै सञ्चालकलाई पक्रनुपर्छ। ऐन बाधक भएकोले अध्यादेशबाट अगाडि बढनुपर्छ।

अन्त्यमा : सर्वदलीय सहमतिमा सहकारी समस्या समाधानका लागि अध्यादेश ल्याउने, लगत लिने, पक्रने, विदेश जान रोक लगाउने, सम्पत्ति रोक्का गर्ने, हरेक जिल्लामा समिति बनाउने सिडियो संलग्न गराउने बचतकर्ताको विश्वास लिनुपर्छ। सर्वप्रथम सानाबचतकर्ता लाई केन्द्रमा राख्नुपर्छ। सरकारले काम गर्दा सबै दलको विश्वास र सहमतिमा काम अगाडि लग्नुपर्छ।

# ओली बा, शेर दा र प्रचण्ड चाचा



ताराबहादुर कोइराला

भाटभटेनी सुपर मार्केटका मालिक मीनबहादुर गुरुङले नेकपा (एमाले) लाई पार्टी अफिस बनाउन १० रोपनी ११ आना जग्गा दान दिएर आफैँले ५ तारे होटल सरहको भव्य महल (पार्टी अफिस) बनाइदिने भएछन् । भवन निर्माण गरेर हस्तान्तरण गर्ने बेलासम्मको बजार मूल्य हिसाब गर्ने हो भने यो २ अर्ब रुपैयाँभन्दा माथि हुन आउँछ ।

ओली र गुरुङ दम्पतीले सगर्व शिलान्यास गरेको देखियो । एमालेका नेता कार्यकर्ताको पनि राम्रै उपस्थिति थियो कतिले ताली बजाए याद राखिएन । यस विषयमा एमालेभित्र र बाहिरबाट पक्ष र विपक्षमा विभिन्न तर्कहरू आएका छन् । मीनबहादुर गुरुङ ललिता निवास जग्गा भ्रष्टाचार काण्डका अभियुक्त हुन र अदालतले धरौटीमा रिहा गरेको थियो । प्रधानमन्त्री ओलीले गुरुङको पक्षमा प्रहसनसमेत प्रदर्शन गरे । शीर्षक थियो, 'मीनबहादुर, मीनबहादुर, मीनबहादुर अनि ललिता निवास, ललिता निवास, ललिता निवास ।' यो अवस्थामा गुरुङले एमालेलाई गरेको सहयोग गुन तिर्ने दस्तुर होइन भन्ने आधार देखिँदैन ।

फेरि गुरुङ केही समय अघिसम्म माओवादी निकट मानिन्थे । कांग्रेससँग पनि नराम्रो सम्बन्ध थिएन होला । सामाजिक क्षेत्रमा सहयोग गर्दै आएका पनि हुन् । अपवादलाई छाडेर नेपालको इतिहासमा यो स्तरका ब्यापारी कुनै पार्टी विशेषको भएको थाहा छैन । आफ्नो लाभको लागि सरकारमा जो आयो त्यसैसँग कुरा मिलाउने चलनचाहिँ पुरानै हो । नेकपा (एमाले) सँग ऐतिहासिक, सैद्धान्तिक र भावनात्मक सम्बन्ध गुरुङको देखिँदैन । च्यासलको नदी किनारको पार्टी अफिस डुबानमा पऱ्यो । बल्खुको पार्टी अफिस भूकम्पले भत्कायो । यी दुबै महलहरू सरकारलाई बुझायो एमालेले । विचरा एमाले बिचल्लीमा पऱ्यो भनेर कतैकतै भावविह्वल बनेर दान गरेको अवस्था पनि देखिँदैन । भनेपछि कुरा बुझ्नु, कीर्तिपुरतिर कुदनु ।

प्रजातन्त्र पुनर्स्थापनापश्चात् गणतन्त्रसम्म आइपुग्दा यस्ता खबौं खर्बको लेनदेन भइसकेका छन् । पुराना प्रमुख दलहरूदेखि नयाँ क्रान्तिकारी दलहरू र तथाकथित राष्ट्रिय नायकहरूदेखि राष्ट्रभक्तहरू समेत सबैले घिचेकै छन् । यस अर्थमा ओलीलाई मात्रै खेद्नुपर्ने कारण त देखिँदैन । तर यो घटनाले नेताहरू सुधारै हुन नसक्ने रसातलमा भासिएको कुरा भने अवश्य प्रमाणित गरेको छ । हाम्रा नेताहरूमा राष्ट्रपति र प्रधानमन्त्री बनेर राजाको ठाउँ लिने महत्वाकांक्षा मात्र होइन त्यस्तै स्वागत सम्मान र महलसम्मको लालसा बोकेर बसेको देखियो । अहिले सरकार फुकी फुकी कदम चाल्नुपर्ने अवस्थामा छ । झन् प्रधानमन्त्री त अत्यन्त होसियार हुनुपर्छ । यस्तो काम त पुटिन र किम जोङले पनि गरेका छैनन् होला । बंगलादेशकी हसिनाले पनि यस्तो गरेको सुनिएन । बल्खुमा जग्गा, च्यासलमा घर र कार्यकर्ता थिए नि बगुवा । तपाईं त ओली बा देशको मुली आफैँ बाटो हगुवा ।

म केहि दिनअगाडि सासूको उपचारका लागि वीर अस्पताल गएको थिएँ । इमर्जेन्सीको एउटा खाटमा ३/४ जनासम्म बिरामी थिए । बाहिरबाट बिरामी ल्याउने ह्विल चियर र स्ट्रेचर नपेर बिरामी ऐयाऐया गरेर एम्बुलेन्समै कराइ रहेको सुनिन्थ्यो । गार्ड बसेको छ, तर अक्सिजनको सिलिन्डर ताल्चा मारेर राखेको थियो । बिरामीको एक्स-रे तथा अन्य काम ह्विल चियर, स्ट्रेचर र अक्सिजन सिलिन्डरको अभावमा समयमा हुन सकेको थिएन । त्यसैमा हारालुछ थियो ।

बिरामीको बेडमुनि फोहोर हो कि पानी जमेर बसेको थियो । सफा गर्ने कोही थिएन । ट्वाइलेटको हालत नभनौं, कमोटको कभर थिएन । आइसियुको ढोका अगाडिभित्र सबै फोहोर राख्ने बाक्साहरू थिए । कोठा गनाइरहेको थियो । फोहरमा टाँसिएर कुरुवा सुतेका देखिन्थे । इमर्जेन्सी वार्डका सिकिस्त बिरामीहरूलाई यहाँ आसियुमा ठाउँ छैन ।

तपाईंको बिरामी मऱ्यो भने हामी जिम्मा लिदैनौं भनेर केही डाक्टर र नर्सहरू बिरामीका आफन्तलाई हकार्दै थिए । सरकारी अस्पतालमा उपचार सस्तो पर्छ र राम्रो हुन्छ भनेर आएका आफन्तहरू रन्थनिएर बसेका थिए । प्राइभेटमा लान पैसा छैन । वीर अस्पतालमा ठाउँ छैन । के गर्ने ? आइसियुमा लगिहाल्नु पर्ने बिरामी भोलिपल्टसम्म त्यहीँ पल्टिरहेका थिए । हस्पिटलमा ल्याएको बिरामीको उपचार गर्ने सरकारको जिम्मेवारी हो । पैसा भए अन्तै जान्थे । भ्रष्टाचार मात्र नगर सबैलाई उपचार देउ, किन हुन सक्दैन भनेर कोही उफ्रदै थिए ।

१ जना डाक्टर आएर यो बिमारी माधव नेपालको हो भन्दै थिए । ड्युटीभन्दा बाहिरका २ जना डाक्टर आएर हेरे । ड्युटीवाला डाक्टर र उनीहरूको कोअर्डिनेसन थिएन । केही समयअगाडि मेरो त मन्त्रीबाट फोन आइसक्यो भनेर १ जना बिरामी कुरुवा खुसी हुँदै थिए । अस्पतालमा शुद्ध बिमारीको त्यति वास्ता गरेको देखिएन । मन्त्री र नेताको बिरामी हुने भएछ । बिरामी मात्र हुन नपाउने भयो । मैले पनि सानो सानो मान्छे लगाएको थिएँ अलिअलि काम गऱ्यो । वीर अस्पताल लगायतका अस्पतालहरूमा हुने भ्रष्टाचार र निजी अस्पतालले गर्ने ब्रह्मलुटको बयान त हजार जिब्रो भएका शेष नागले त सक्दैनन् होला । म कसरी सकुला ।

मीनबहादुर गुरुङले खर्च गर्ने २ अर्बले त वीर अस्पतालमा जाने बिरामी उपचारै नगरी फर्कनुपर्ने थिएन होला । मेरो मनमा त लाग्यो, तर के गर्नु मलाई लागेर भएन । बुझ्नेले कुरा नबुझेपछि मेरो मन त रुने नै भयो । आक्रोशको ज्वाला दन्किँदै गयो । रातको चिसोले बिहान सेलायो ।

दसैंभित्रै मलामी जानु पऱ्यो । रमाउँदै घरमा टीका थाप्न आउने मानिस बाक्साभित्र बसेर आर्यघाट आउँदै गरेको देखेँ । टीकाको दिन विदेश जानेको लर्को टेलिभिजनमा देखाउँदै थियो । पढेलेखेका उत्कृष्ट जति अमेरिका, बेलायत, अस्ट्रेलिया र क्यानाडा, मझौला युरोप, दक्षिण कोरिया र जापान आदि र बलिया बांगा उमेर भएका अरबको खाडी र मलेसिया । देशभित्र हामीजस्ता बुढाखाडा, लठिमुङ्ग्रे र जेलनेल, कुटाइ पिटाइ खाएका तर मति हराएका । शासक प्रशासक अधर्मी । कसले बनाउँछ देश ? यी कुराहरू देखेको छैन भनौ आँखा छन् । कान छैन भनौँ उपचार अर्कै रोगको गरेको । बुझेको छैन भनौँ चण्डी र चारै वेद कण्ठ छ । बुझ पचायो भनौँ गाली ग्रन्थमा डाक्टर गरेको । लिच्चड हौ कि ? लालची हौ ? मरेका छौ कि लास हौ ? तिम्रो लास गह्नाइसक्यो, हामी कति बोकौं । तिमी सतिदेवी पनि होइनौ । शक्ति पीठ बनेर वरदान दिने । उहिले अलिअलि दियौ । अहिले देश घरनघाट पारेर लियौ । हामीलाई पीडामाथि पीडा थप्यो ।

पर्ख, अझै एउटा कथा बाँकी छ । १ जना बृद्धले आफ्नो सत्रुलाई रिस फेर्न मर्ने बेलामा छोरालाई बोलाएर अह्राएछ । हेर छोरा म मरेपछि मेरो लास कसैले थाहा नपाउने गरी फलानोको घर आगाडि राखेर मेरो चाकमा पाटको ठोक्नु । छोराले पनि बाउ मरेपछि कसैले थाहा नपाउने गरी बाउले भनेअनुसार गरेछ । भोलिपल्ट गाउँले सबै जम्मा भए । कचरी बस्यो । छिमेकीले मारेको ठहर भयो र जेल गयो । मरेपछि पनि रिस फेऱ्यो । अहिले कहानी उल्टा भयो । अहिलेका बाउहरूले छोरालाई बोलाएनन् । छिमेकी बोलाएर छोराहरूको घरअगाडि लास राखेर पाट्को ठोक्न लगाए ।

हे ओली बा, शेर दा, प्रचण्ड चाचा र अरू पनि क्रान्तिकारी, स्वनामधारी, चटकी र सबै व्यविचारीहरू हो, तिम्रो चाकमा पाट्को ठोक्न लगाएर हाम्रो घरअगाडि लास राख्न सत्रुलाई किन अह्रायौ । जवाफ देउ, देश, जनता र हामी सबै पार्टीका कार्यकर्ताहरूले तिमीहरूमाथि विश्वास र भरोसा गर्नु अपराध हो ? न गरी खाने न मरी जाने, तेरीमा घाँडा द्रव्यपिचासहरू ।

सौर्य दैनिक मधेस

# गढीमाई मेलाको तयारी तीव्र



■ सौर्य समाचार

बारा । बारामा रहेको प्रसिद्ध गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षीय मेलाको तयारी तीव्र रूपमा भइरहेको छ । हरेक ५ वर्षमा यस मन्दिरमा भव्य मेला लाग्ने गरेको छ । यो वर्ष १ मंसिरदेखि नै मेला लाग्ने भएको हुँदा भक्तजन तथा दर्शनार्थीको सहजताका लागि मेला समितिले आवश्यक तयारी गरिरहेको जनाइएको छ । गढीमाई मेलामा आन्तरिक दर्शनार्थीका साथै भारतबाट समेत ठुलो संख्यामा दर्शनार्थी आउने गरेका कारण यहाँको व्यवस्थापनमा समिति लागेको छ ।

गढीमाईमा लाग्ने पञ्चवर्षीय मेला १ महिनासम्म लाग्ने गर्दछ । मेलाका अवसरमा यहाँ विभिन्न पशुको बलि दिने गरिन्छ । स्थानीयका अनुसार गढीमाई मन्दिरमा आफूले चाहेको कुरा भाकल गरिन्छ र मनोकामना पूरा भएपछि यहाँ बलि दिने परम्परा रहेको छ ।

अन्य मन्दिरहरूमा प्राय: ब्राह्मण पुजारी हुन्छन् । तर, गढीमाई मन्दिरको मूल पुजारी र अन्य पुजारी भने चौधरी समुदायका रहेका छन् ।

यहाँको विशेषगरी राँगाको बलि दिइन्छ । तान्त्रिक विद्याका कारणले गढीमाई मन्दिरमा राँगा बलि दिने गरिएको बताइन्छ ।

मेला आयोजक समितिका अनुसार यो वर्ष १ महिनाको अवधिमा गरेर करिब ३ करोडको हाराहारीमा दर्शनार्थी आउने आँकलन छ ।

जसका लागि मेला समितिले यो वर्ष १ हजार बिघामा मेला लगाउने तयारी गरेको छ । सो क्षेत्रफलमा विभिन्न स्टलदेखि लिएर मनोरञ्जनका साधन, पार्किङ, सातै प्रदेशका कृषिजन्य वस्तु राख्ने तयारी गरिएको छ ।

यो वर्ष विशेष पूजाका लागि सहयोग स्वरूप ५०० रुपैयाँ तोकिएको छ । विशेष पूजाबापत संकलन भएको रकमले मन्दिरमा पूजारी राख्ने तथा अन्य सरसफाइका काममा खर्च गर्ने योजना रहेको मेला समितिले जनाएको छ ।

# जनकपुरधाममा भूमि लोक उत्सव आयोजना हुँदै

■ सौर्य समाचार

जनकपुरधाम । जनकपुरधाममा भूमि लोक उत्सवको दोस्रो संस्करण आयोजना हुने भएको छ । यही कात्तिक १० गते शनिबार भूमि फाउन्डेसनको आयोजनामा सो उत्सव हुन लागेको छ ।

जनकपुरधाममा आइतबार पत्रकार सम्मेलनमार्फत भूमि फाउन्डेसनका संस्थापक अध्यक्ष रञ्जन झाले भूमि लोक उत्सवको दोस्रो संस्करण जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजना हुने जानकारी दिए । आधुनिकतासँगै मिथिला क्षेत्रका लोक गीत, परम्परा, रितिरिवाजहरू लोपोन्मुख अवस्थामा रहेकाले सोको संरक्षण र प्रवर्द्धनमा विशेष योगदान हुने उनले बताए । भूमि लोक उत्सवमा ख्यातिप्राप्त संगीत साधकहरू सहभागी हुने बताउँदै उनले उत्सव अवधिभर मिथिला-मधेस क्षेत्रको झल्को दिने गरी लोक झाँकी, लोक नाच प्रदर्शन गरिने कार्यक्रम रहेको बताए ।

मिथिला क्षेत्रको सांगीतिक एवं सांस्कृतिक विरासतलाई बृहत्तर मञ्चमा उजागर गर्दै, आञ्चलिक, राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय कलाकारहलाई एकै ठाउँमा प्रस्तुत गर्ने उद्देश्यले गत वर्षदेखि सुरु गरिएको भूमि लोक उत्सवको दोस्रो संस्करण यही कात्तिक १० गते शनिबार आयोजना गर्न लागिएको बताए । उनले राष्ट्रिय मूलधारबाट बहिष्करणमा परेका मधेस र मिथिला क्षेत्रका समृद्ध कला तथा सांस्कृतिक अभिव्यक्तिको संरक्षण र पुनरुत्थानमा सहयोग गर्ने उत्सवको मुख्य लक्ष्य रहेको बताए ।

पूर्वी पहाडका लिम्बू समुदायको संगीत एवं मुन्धुम संस्कृतिलाई आफ्नो कुशल गायनमार्फत् संसारमा फैलाउन सफल प्रख्यात गायिका एवं शोधकर्ता झुमा लिम्बूदेखि भारत गौरव सम्मानबाट सम्मानित वरिष्ठ मैथिली लोक गायिका डा. रञ्जना झा र ४ दशकदेखि नेपाल र भारतको नाट्य एवं कला क्षेत्रमा सक्रिय नाट्यसमूह मिथिला नाट्यकला परिषद् (मिनाप) देखि



समसामयिक नेपाली आधुनिक संगीतमा अत्यन्त सफल गायक तथा लेखक सुशान्त घिमिरेसम्मले उत्सवलाई जीवन्त र स्मरणीय बनाउने उनले बताए । संस्थापक अध्यक्ष झाले मधेस र मिथिला क्षेत्रको संगीत र कलाको संरक्षण एवं पुनरुत्थान अहिलेको ठूलो आवश्यकता रहेको बताउँदै भूमि लोक उत्सवले मधेसको सांस्कृतिक पुनर्जागरणमा महत्वपूर्ण सहजीकरण गर्ने बताए ।

उत्सव अवधिभर मधेस र मिथिलाको झल्को दिने विभिन्न नाचगान र सांस्कृतिक झाँकी प्रदर्शन गरिनुका साथै विभिन्न स्टलसमेत राखिने आयोजकले जनाएको छ । उत्सवमा फोटो सर्कलसँगको सहकार्यमा ‘सार्वजनिक जीवनमा महिला’ नामक फोटो प्रदर्शनीसमेत सामेल हुने बताइएको छ । जनकपुरधामको तिरहुतिया गाछीमा कात्तिक १० गते शनिबार दिउँसो १ बजेदेखि उत्सवको औपचारिक प्रस्तुति सुरु हुनेछ । सो उत्सवमा विभिन्न १२ वटा समूहका गरी कूल ५० जनाभन्दा बढी कलाकारहरूको सहभागिता रहने अध्यक्ष झाले जानकारी दिए । उत्सवमा करिब ३५ लाख रुपैयाँसम्म खर्च हुने उनको भनाइ छ ।

**कम्पनीको नाम परिवर्तनको सूचना**

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०७/०५)**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०८१/०६/०७ को निर्णयानुसार मनास्लु अफसेट प्रेस एण्ड सप्लायर्स प्रा. लि. को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी फौद सिङ सप्लायर्स प्रा. लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**Saudi मा रोजगार**

**Al-Haider Contracting Company, Hadi Saleh Al-Haider and Partners Company**

पुनः विज्ञापन, पुर्व स्वीकृति मितिः २०८१/३/११ चलानी नं.:६०२२१५५० LT No. 306818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver Heavy Equipment | 1 | 0 | काममा दक्ष | 1800 | ६४,३३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Electrical Cable Connecter | 2 | 0 | | 1200 | ४२,८८०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८१ कार्तिक १२ गते (28 Oct., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

TESLA OVERSEAS PVT. LTD.
Govt Lic. No.: 1638/080/81

**TELSA OVERSEAS PVT. LTD.**

Sinamangal-9, Kathmandu, Tel.: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लहरेपौवा, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०७/०५

उत्तरगया गाउँपालिकाको यस चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि मिति २०८१/०५/११ मा राष्ट्रियस्तरको पत्रिकामा विद्युतीय बोलपत्र आव्हानको सूचना प्रकाशन भएकोमा यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतीय बोलपत्रबाट तपशिल बमोजिमको बोलपत्र न्युनतम मूल्यांकित एवं सारभुत रुपमा प्रभावग्राही देखिन आएको ले स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र दफा ४७ को प्रयोजनको निम्ति सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| 1. | URM/NCB/WORKS/ 2081-082/1 | Upgrading of Bhangekhola ghaderidanda Road Section, Uttargaya 1 and 2 | M/S Denzel -Paragon JV Tarakeshwor-6, Kathmandu | 1,17,52,912.42/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# पर्यटन कृषि तथा व्यापारिक महोत्सवको तयारीमा युवा




■ सौर्य समाचार

राजविराज । सांस्कृतिक पर्यटन, कृषि तथा व्यापारिक महोत्सवअन्तर्गत ‘राजविराज महोत्सव’ को तयारीमा यहाँका युवा जुटेका छन् । राजविराज नगरपालिकाको सहकार्य र सप्तरी युथ क्लबको विशेष सहयोगमा यही कात्तिक ९ गतेदेखि २६ गतेसम्म मेला सञ्चालन हुनेछ ।

ड्रिम नेपाल युवा संघको आयोजनामा राजविराजस्थित राजरंगशाला (खेलमैदान) मा हुने राजविराज महोत्सवको तयारी तीव्र गतिमा भइरहेको संघका अध्यक्ष कमलकिशोर साहले जानकारी दिए । ‘यहाँका युवाको सक्रियतामा जिल्लाको पहिचानसँगै सांस्कृतिक पर्यटन र कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले मेलाको आयोजना गर्न लागेका छौं’, उनले भने, ‘मेलाको तयारी भइरहेकाले स्थानीय तथा सरोकार भएका सबैको साथ र सहयोग आवश्यक पर्दछ ।’

तिहारमा विभिन्न ठाउँबाट आफनो गाउँघर आएका युवा, विद्यार्थी र नगरवासी सहयोगमा सप्तरीको पहिचानलाई उजागर गर्ने उद्देश्यले राजविराज महोत्सव सांस्कृतिक मेलाको आयोजना गर्न लागिएको संघका अध्यक्ष साहले बताए ।

मेलाका लागि अहिले राजरंशालामा बाँसबाट घेराबेरा गर्ने, सरसफाइ तथा स्टल निर्माणलगायत काम भइरहेको युवा मुस्तकिम आलमले बताए । मेलामा ६० स्टल राखिने आयोजकले जनाएको छ ।

स्थानीय कला, संस्कृति, परम्परा तथा युवाको सक्रियतालाई प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको आलमले बताए । युवाको सहभागितालाई प्रोत्साहन गर्ने, समाजमा सकारात्मक परिवर्तन ल्याउने गरी युवा पुस्तालाई सक्रिय नाइएको आयोजकको भनाइ छ ।

यसैबीच, यही ९ कात्तिकदेखि राजविराजमा हुने ‘राजविराज महोत्सव-२०८१’ मा विभिन्न संघसंगठनले समर्थन जनाएका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै महोत्सव सफल पार्न सरोकार भएकालाई आग्रहसमेत गरिएको छ ।

राष्ट्रिय युवा संघ नेपालका जिल्ला इन्चार्ज चितरञ्जन यादव, अनेरास्ववियु अध्यक्ष रञ्जीवकुमार साह, नेपाल तरूण दल सप्तरीका अध्यक्ष अर्जुन यादव, नेपाल विद्यार्थी संघ सप्तरीका अध्यक्ष राकेश ठाकुर र अखिल क्रान्तिकारी सप्तरीका अध्यक्ष कौशल साह, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियन सचिव सुनिल मण्डल र विद्यार्थी जनमत संघका अध्यक्ष रामभजन मण्डलले संयुक्त प्रेस विज्ञप्ति जारी गरी महोत्वस सफल बनाउन सहयोगका लागि आह्वान गरेका छन् ।

# राजस्व संकलनको लक्ष्य उन्मुख वीरगञ्ज भन्सार

■ सौर्य समाचार

वीरगन्ज । वीरगन्ज भन्सार कार्यालय राजस्व संकलनको लक्ष्य हासिल गर्नेतर्फ दत्तचित्त भएर लागेको छ । उक्त कार्यालयले चालु आर्थिक वर्षको ३ महिनामा ३८ अर्ब ८८ करोड २७ लाख ५० हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पछिल्ला ३ महिनामा राजस्व संकलनमा केही वृद्धि भए पनि लक्ष्य हासिल गर्न नसकिएको बताए । ‘साउनयता मासिक लक्ष्यअनुसार राजस्व संकलनमा केही वृद्धि भइरहेको छ’, उनले भने । गत आवको ३ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने करिब ३ करोड रुपैयाँ बढी राजस्व संकलन भएको छ ।

भन्सार कार्यालयले गत आव २०८०/०८१ को ३ महिनाको अवधिमा भने ३८ अर्ब ८५ करोड ५० लाख ९३ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो । कार्यालयले चालु आवको साउनमा मासिक लक्ष्यको ७२ प्रतिशत अर्थात् १२ अर्ब १६ करोड ३२ लाख रुपैयाँ राजस्व संकलन गऱ्यो । दोस्रो महिना भदौमा भने मासिक लक्ष्यको ७१ प्रतिशत अर्थात् १३ अर्ब २३ करोड ९८ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । चालु आवको तेस्रो महिना असोजमा मासिक लक्ष्यको ७७ प्रतिशत अर्थात् १३ अर्ब ४७ करोड ९६ लाख रुपैयाँ राजस्व संकलन गरेको छ ।

**अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन को सूचना**

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम् खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्याहोरा सर्वसाधारणको जानकारीका लागि यो मूल्य सुची प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | इकाइ | प्रतिइकाइ मूल्य | अधिकतम् खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRIC TRICYCLE (SAFA-TEMPO) | 1 DRIVER+ 6 PASSENGER | AROGYA MOTORS | FT-3, PASSENGER | 60V/1200 W | CHINA | 108 Set | Rs. 1,87,000.00 | Rs. 1,87,000.00 |

बिक्रेता फर्मको नाम : श्री आरोग्य मोटर्स
ठेगाना : वार्ड नं. ०५, धनगढी, कैलाली, नेपाल
एक्जिम कोड : 6037741200146NP
स्थायी लेखा नं. ६०३७७४१२०
फोन नं. : ०९१-५२२८८१

# चर्चामा 'पूर्णबहादुरको सारंगी'को ट्रेलर

■ सौर्य समाचार

काठमाडौं । विजय बरालको मुख्य भूमिका रहेको फिल्म 'पूर्णबहादुरको सारंगी' को ट्रेलरलाई दर्शकहरूले रुचाएका छन् । ३ दिनअघि युट्युबमा सार्वजनिक ट्रेलर चर्चासहित युट्युब ट्रेन्डिङमा छ । फिल्मको ट्रेलर युट्युबको फिल्मतर्फको ट्रेन्डिङ नम्बर ६ मा रहेको छ । अर्गानिक कथामा फिल्म बनेको बताउँदै दर्शकहरू फिल्म हेर्न निकै उत्साहित देखिएका छन् ।

दर्शकसहित चलचित्रकर्मीले पनि तारिफ गर्दै सिनेमाबाट पनि अपेक्षा रहेको भन्दै आआफ्नो सामाजिक सञ्जालमा सेयर गरिरहेका छन् । सारंगी रेटेर छोराको सपना र भविष्य बनाउन गर्नुपरेको संघर्ष वरिपरि ट्रेलर घुमेको छ । फिल्मम विजय बराल बुबा हुँदा प्रकाश सपुतले छोराको भूमिका निर्वाह गरेका छन् ।

यसअघि पनि फिल्मको मोसन पोस्टरदेखि गीत र टिजरले पनि निकै राम्रो प्रतिक्रिया पाएको थियो । ट्रेलरमा आएको दर्शकको प्रतिक्रिया युट्युबमा हेर्दा पनि यसले राम्रो ब्यापार गर्ने पूर्वानुमान लगाउन सकिन्छ । सरोज पौडेलको लेखन तथा निर्देशन रहेको फिल्ममा विजय र प्रकाशसहित मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, आलिस बास्तोला, स्वायम् केसी, जान्वी पौडेललगायतको अभिनय छ ।

सेभेन सिस सिनेमा र बाँसुरी फिल्म्सको प्रस्तुति रहेको चलचित्रमा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन् । सोसल-ड्रामा जनरा निर्माण भएको चलचित्रले गन्धर्व परिवारको कथामा आधारित छ । सिनेमाको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन् । यस फिल्मलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ । यो फिल्म तिहारको अवसरमा १५ कात्तिकबाट रिलिज हुँदै छ ।

# रेमो डेसुजामाथि धोकाको आरोप



नयाँ दिल्ली । बलिउडका चर्चित कोरियाग्राफर एवं निर्देशक रेमो डिसुजा, उनकी पत्नी लिजेल डिसुजा र अन्य ५ जनामाथि एउटा नृत्य समूहले धोकाधडीको उजुरी दर्ता गरेका छन् । मुम्बईको ठाणे प्रहरीले बताएअनुसार शनिबार सो उजुरी दर्ता भएको हो । रेमो र उनकी पत्नीसमेत सबै जनामाथि ११ करोड ९६ लाख भारु ठगेको आरोप छ ।

१ जना २६ वर्षीय डान्सरले उनीहरूमाथि यस्तो आरोप लगाएको एक अधिकारीले बताएका छन् । पीडित डान्सरले अक्टोबर १६ मा मुम्बईको मीरा रोड प्रहरी थानामा आफ्नो उजुरी दर्ता गराएका थिए । प्रहरीले आरोपी सबैमाथि जालसाजी, धोकाधडी र अन्य धारा अनुसार मामिला दर्ता गरेको छ ।

उजुरीका अनुसार डान्सर र उसको ग्रुपसँग सन् २०१८ देखि सन् २०२४ को बीचमा धोकाधडी भएको हो । यस ग्रुपले टिभीको एउटा सोमा प्रदर्शन गरेर जित पनि हासिल गरेको थियो । रेमो र उनको समूहले पीडितहरूको समूह आफ्नो हो भन्ने देखाएर सोमा जितेको ११ करोड ९६ लाख भारुको इनाम राशि हत्याएको आरोप लगाइएको छ । यो मामिलाको जाँच भइरहेको प्रहरीले बताएको छ । रेमो डिसुजाले कोरियोग्राफी र निर्देशनबाहेक पनि डान्स इन्डिया डान्स, झलक दिखलाजा, डान्स प्लस, इन्डियाज बेस्ट डान्सलगायत कैयौं रियालिटी सोका जजका रूपमा पनि काम गरिसकेका छन् ।

# गोल्डेन नेपाली फिल्म अवार्ड डिसेम्बरमा

■ सौर्य समाचार




काठमाडौं । प्रथम गोल्डेन नेपाली फिल्म अवार्ड-२०२४ डिसेम्बर २१ मा आयोजना गरिने भएको छ । पहिला १६ नोभेम्बरमा आयोजना गर्ने घोषणा गरिएको अवार्ड अमेरिकामा ५ नोभेम्बरमा हुन लागेको राष्ट्रपति निर्वाचनका कारण १ महिनापछि सारिएको हो । अमेरिकामा आसन्न राष्ट्रपति निर्वाचनलाई ख्याल राखी सोही सेरोफेरोमा आयोजना हुने तयारीमा रहेको प्रथम गोल्डेन नेपाली फिल्म अवार्डको मिति सारिएको अवार्डका नेपाल संयोजक सुनील कटुवालले एक विज्ञप्ति जारी गर्दै जानकारी दिए । राष्ट्रपति निर्वाचनका कारण पाहुनाहरूको सुरक्षा र आवागमनमा हुने कडा तथा असहजताको ख्याल गरी अवार्ड कार्यक्रम पूर्वनिर्धारितभन्दा करिब १ महिनापछि सारिएको विज्ञप्तिमा उल्लेख छ ।

अवार्ड मूल समारोह २१ डिसेम्बर २०२४ को साँझ ६ बजे क्यालिफोर्नियास्थित रिचमन्ड मेमोरियल अडिटोरियम, ४०३ सिभिक सेन्टर प्लाजामा आयोजना हुनेछ भने २२ डिसेम्बर बिहान ११ बजे बार्केलेमा नेपाली कला संस्कृति, भेषभुषा झल्कने झाँकीसहित-प्रभातफेरी नेपाल डे परेड आयोजना गरिनेछ । २०८० साउनदेखि २०८१ असार मसान्तभित्र नेपालका सिनेमा घरमा प्रदर्शन भएका नेपाली चलचित्रहरू समावेश गरिएको अवार्डमा झन्डै डेढ दर्जन विधामा प्रतिस्पर्धी अवार्ड प्रदान गर्नुका साथै एक विशिष्ट चलचित्रकर्मीलाई लाइफ टाइम एचिभ्मेन्ट अवार्ड दिइँदै छ अवार्डमा सहभागी हुनका लागि नेपालबाट ३ दर्जन बढी सेलिब्रेटी अमेरिका पुग्नेछन् भने अमेरिकामै रहेका चलचित्रकर्मीहरूको समेत बाक्लो उपस्थिति रहने आयोजकले जनाएको छ ।

अवार्डको जुरीमा नेपालबाट वरिष्ठ अभिनेता शिव श्रेष्ठ, वरिष्ठ अभिनेता सुनील थापा, चर्चित अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, वरिष्ठ छायाकार गौरीशंकर धुजु श्रेष्ठ, अभिनेता सुनील कटुवाल र वरिष्ठ चलचित्र पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदी छन् ।

अवार्ड समारोह चर्चित होस्ट नरेश भट्टराईले सञ्चालन गर्नेछन् । अवार्ड निकै भव्य र ऐतिहासिक रूपमा आयोजना गर्ने तयारी अमेरिकास्थित मूल आयोजक हिमालय फाउन्डेसन कर्प, गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्निया, लाइटे ल अफिस, सोम्नामे ग्रुप एलएलसी (यति रेस्टुरेन्ट), राजपूत ग्रुप एलएलसी, पाण्डे रियाल्टी तथा टाइटल स्पोन्सर हिमालयन हबले गरेका छन् ।



# जुही भारतकी धनी नायिका

■ एजेन्सी

नयाँ दिल्ली । ९० को दशककी चर्चित अभिनेत्री जुही चावला भारतकी सबैभन्दा धनी अभिनेत्री बनेकी छन् । समकालीन र अहिलेका चर्चित अभिनेत्रीहरूलाई उछिन्दै उनले धनाढ्य अभिनेत्रीको शीर्षस्थान ओगटेकी हुन् ।

'हुरुन रिच लिस्ट २०२४' को सूचीमा चावला पहिलो स्थानमा छिन् । उनको कुल सम्पत्ति ५८० मिलियन डलर अर्थात ४ हजार ६०० करोड भारतीय रुपैयाँ रहेको छ । सन् २०२४ को हुरुन रिच लिस्टअनुसार, उनको सम्पत्ति उनको साथी र व्यापार साझेदार शाहरूख खानपछि दोस्रो स्थानमा छ ।

यदि जुहीपछिका ५ धनी भारतीय अभिनेत्रीको कुल सम्पत्ति एकसाथ जोड्ने हो भने यो जुहीको सम्पत्तिभन्दा पनि कम हुनेछ । दोस्रो स्थानमा भने ८५० करोड भारुसहित ऐश्वर्या राय बच्चन छिन् । त्यस्तै, तेस्रो स्थानमा रहेकी प्रियंका चोपडासँग ६५० करोड सम्पत्ति छ । चौथो र पाँचौंमा अहिलेका चर्चित अभिनेत्रीहरू आलिया भट्ट र दीपिका पादुकोण छन् ।

फिल्मसहित विज्ञापन र व्यवसाय यी अभिनेत्रीहरूका मुख्य आम्दानीका स्रोत हुन् । जुही भने पछिल्लो समय व्यवसायमा आबद्ध छिन् । उनको सम्पत्तिको ठूलो हिस्सा व्यापारबाट आउने गर्छ । उनको मुख्य आम्दानी रेड चिलिज समूहको प्रमुख लगानीकर्तामध्ये एक हो । कम्पनीको संस्थापकमध्ये एकको रूपमा, जुही एक सहनिर्माता र धेरै क्रिकेट टोली (आइपिएलको कोलकाता नाइट राइडर्ससहित) को सहमालिक हुन् । करोडपति व्यापारी पति जय मेहता लगायतसँग संयुक्त रूपमा व्यवसायमा पनि लगानी गरेकी छन् । जुहीसँग धेरै घर जग्गाको स्वामित्व पनि छ ।


## Chainpur Municipality
## Office of The Municipal Executive
**Chainpur, Sankhuwasabha**
**Koshi Province**

### Invitation for Online Sealed Quotation

**Date of Publication: 2081/07/05 (2024 Oct 21)**

The Chainpur Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Sanitary Pad and Sanitary pad Vending Machine. Quotation No: CM/NCB/SQG/01/081/082.

1. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms from PPMO website www.bolpatra.gov.np.
2. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **i. Name of the Bank: Rastriya Banijya Bank Ltd.**
   **ii. Name of Office: Chainpur Municipality**
   **iii. Office Code no :801010402**
   **iv. Office Account No :2030100301010002**
   **v. Rajaswa (revenue) Shirshak No :14229**
3. Sealed bids must be submitted through the e-GP system i.e www.bopatra.gov.np/egp on or before 05-11-2024 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 05-11-2024 13:00 at the office of Chainpur Municipality, Shankhuwa-Sava. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 45000, which shall be valid for 30 days beyond the validity period of the bid.The bid fee should be deposited in Deposit Account No.[2030100303000002] at [Rastriya Banijya Bank Ltd., Chainpur Branch, Chainpur, Sankhuwasabha] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०७/०५**

यस वित्तीय संस्थाको नारायणगढ शाखा कार्यालयबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना तथा लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएको तथा गोप्य शिलबन्धि समेत नपरेकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेको तपशिलमा उल्लेखित्र चल-अचल सम्पत्ति लिलामका लागि यो ०७दिने सूचना प्रकाशित गरिएको छ। अतः धितो सूरक्षणमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अबस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानून बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सूरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा ०८औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेहरुको विवरण |
|---|---|
| **कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**<br>**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ वमोजिम प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोत्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय वाग्मती प्रदेश भरतपुर चितवनमा मिति २०७३/०४/३२ मा प्रा.फ. र.नं. २२७/०७३/०७४ बाट दर्ता भई स्थाई लेखा नं. ६०४९९१४५४ भएको : चितवन जिल्ला भरतपरु म.न.पा. वडा नं. ०२, क्षेत्रपुर स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री भोले बाबा मिल स्टोर्स .**<br>**(प्रोप्राइटर : झलक कुमार हरिजन)** | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : झलक कुमार हरिजन**<br>बाबु : शिवलाल हरिजन<br>बाजे : भोटे हरिजन<br>ना.प्र.नं. : ९८१/०४४<br>जारी मिति : २०५३/०५/०४, जि.प्र.का :चितवन<br>ठेगाना : चितवन जिल्ला पार्वतीपुर गा.वि.स.वडा नं. ०८<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा.वडा नं. २१ पहरीलाोटार, पार्वतीपुर । |
| **व्यक्तिगत जमानिकर्ता : कुमार क्षेत्री**<br>बाबु : निर वहादुर पण्ति क्षेत्री<br>वाजे : प्रेम वहादुर पण्ति क्षेत्री<br>ना.प्र.नं. : २४११६<br>जारी मिति : २०४६/०५/१९, जि.प्र.का : नुवाकोट<br>ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा वडा नं. ०९<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा.वडा नं. २ क्षेत्रपुर | **व्यक्तिगत जमानिकर्ता : कल्पना हरिजन**<br>बाबु : धन वहादुर सार्की<br>पति : झलक कुमार हरिजन<br>ना.प्र.नं. : ३५३०४४/१०६<br>जारी मिति : २०६३/११/१८, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला पार्वतीपुर गा.वि.स.वडा नं. ०८<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा.वडा नं. २१ पहरीलाोटार, पार्वतीपुर |

| धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण |
|---|
| श्री भोले बाबा मिल स्टोर्स को नाममा मा.पो.का., चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १/क स्थित कि.न १५७६, १५७७ र ९६५ को क्षेत्रफल क्रमशः ०-३-०-० (१०१५.८९ ब.मी), ०-५-८-० (१८२८.५९ ब.मी.), ०-५-०-० (१६९३.१५ ब.मी.) र पार्वतीपुर गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कि.नं. ५१४ र ७०८ को क्षेत्रफल क्रमशः ०-४-०-० (१३५४.५२ ब.मी.), ०-४-०-० (१३५४.५२ ब.मी) को घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७औं दिन (सो दिन बिदा परेमा त्यस लगत्त कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्त कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिने छ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०७/१२ ।

सौर्य दैनिक
आर्थिक



आइतबार नेप्से ४७ दशमलव ४४ अंकले घटेर २ हजार ६९१ दशमलव ९१ अंकमा पुगेको छ, भने ८ अर्ब १८ करोड २ लाख ६२ हजार ५७२ रूपैयाँको कारोबार भएको छ

सुनको मूल्य हालसम्मकै उच्च भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आइतबार सुनको मूल्य प्रतितोला ६ सयले वृद्धि भइ १ लाख ६५ हजार रूपैयाँ कायम भएको छ



# नेपाल ग्रे–जोनमा नजाने गरी काम गर्न अर्थमन्त्रीको निर्देशन



■ सौर्य समाचार

काठमाडौं । सरकारले सम्पत्ति शुद्धीकरणको अनुसन्धान र अभियोजनलाई तीव्र पार्ने भएको छ । आइतबार बसेको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशक समितिको बैठकले अनुसन्धान र अभियोजनलाई तीव्र पार्ने निर्णय गरेको हो । बैठकले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी नियमावलीलाई मन्त्रिपरिषद्बाट छिटो पारित गर्न पहल गर्ने पनि निर्णय गरेको छ ।

अनुसन्धान र अभियोजनलाई तीव्र पारी नियमावली पारित गरे नेपाल ग्रे-जोनमा नपर्ने बैठकका सहभागीहरूको भनाइ छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय आवश्यकता र प्राथमिकताले अनुसन्धान र अभियोजनका कार्यलाई अघि बढाउने उल्लेख गर्दै नेपाल ग्रे-जोनमा नजाने गरी कार्यहरू गर्न निर्देशन दिए ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले नेपाल ग्रे-जोनमा नपर्नका लागि आवश्यक कानुन बनाउन र भएका कानुनमा सुधार गर्न मन्त्रालय सक्रिय रहेको बताए । बैठकमा महान्यायाधिवक्ता, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, मन्त्रालयका सचिवहरू, नियमनकारी निकायका प्रतिनिधिलगायत सहभागी थिए ।

### अर्थ मन्त्रालय व्यावसायिक वातावरण बनाउनमा केन्द्रित हुने

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थ मन्त्रालय आगामी दिनमा व्यावसायिक र औद्योगिक वातावरण सिर्जनामा केन्द्रित हुने बताएका छन् । अर्थ मन्त्रालयमा आइतबार बसेको उच्च व्यवस्थापन समूहको बैठकमा उनले मन्त्रालयले थप पुँजी परिचालन गरी लगानी वृद्धि गर्नका लागि व्यावसायिक र औद्योगिक वातावरण बनाउँदै जाने बताएका हुन् ।

अर्थ मन्त्री पौडेलले राजस्व संकलन र पुँजीगत खर्चका लागि अझ बढी सामर्थ्य लगाउन सरोकार भएका सबैलाई निर्देशन दिए ।

राजस्व सचिव दिनेशकुमार घिमिरेले मुलुकमा थप व्यावसायिक र औद्योगिक वातावरण बने राजस्वमा सकारात्मक प्रभाव पर्ने बताए । बैठकमा बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालले बाढीपहिरोबाट पुगेको क्षतिको पुनर्निर्माण गर्न स्रोत व्यवस्थापनमा समस्या नभएको जानकारी गराएका थिए ।

## नेपालले विश्व बैंकबाट ३८ अर्ब बढी ऋण लिने




काठमाडौं । नेपालले विश्व बैंकबाट ३८ अर्ब रुपैयाँभन्दा बढी ऋण लिने भएको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्रस्ताव गरिएको १३ करोड ५० लाख डलर (झन्डै १८ अर्ब ९ करोड) रुपैयाँ ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ ।

अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा उक्त वार्ता टोली गठन गर्ने निर्णय गरिएको छ । साथै, विश्व बैंकबाटै नेपाल प्रकोप प्रतिरोधी विकास नीतिअन्तर्गत प्राप्त हुने १५ करोड अमेरिकी डलर (झन्डै २० अर्ब १२ करोड रुपैयाँ बराबर) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णयसमेत मन्त्रिपरिषद् बैठकले गरेको हो ।

# खिम्ती–लामोसाँघु प्रसारण लाइन इआरएस टावर

■ सौर्य समाचार



काठमाडौं । गत १२ र १३ असोजको अविरल वर्षाका कारण तामाकोसी नदीमा आएको बाढीले बगाएको खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइनको टावरलाई आपत्कालीन पुनर्स्थापना प्रणाली टावर प्रयोग गरी लाइन सञ्चालनमा ल्याइने भएको छ । तामाकोसी नदीमा आएको बाढीले रामेछापको मन्थली नगरपालिका-१३ देवीटारस्थित खिम्ती-लामोसाँघु प्रसारण लाइनको ७ नम्बर टावर बगाएको थियो । टावर बगेपछि ४ वटा टावरको तार (कन्डक्टर)मा पनि क्षति पुगेको थियो । टावर बगाएपछि उक्त लाइनबाट १३ असोजबाट विद्युत् प्रवाह बन्द छ । यसबाट खिम्तीबाट काठमाडौं उपत्यकाको प्रसारण लाइन लिंक टुटेको छ । उक्त लाइनबाट करिब २०० मेगावाट विद्युत् प्रवाह हुनसक्छ ।

खिम्ती-लामोसाँघु प्रसारण लाइन काठमाडौं उपत्यकामा विद्युत् आपूर्तिका लागि महत्वपूर्ण प्रसारण लाइन हो । उक्त लाइनबाट आएको विद्युत्लाई लामोसाँघु-भक्तपुर प्रसारण लाइन हुँदै काठमाडौं उपत्यकामा आपूर्ति गरिन्छ ।

यसैगरी, सिन्धुपाल्चोकको भोटेकोसी नदी जनाधार क्षेत्रमा निर्माण भएको जलविद्युत् आयोजनाहरूको विद्युत् लामोसाँघु-खिम्ती-ढल्केबर हुँदै भारततर्फ निर्यात हुँदै आएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, ‘ खिम्ती-लामोसाँघु प्रसारण लाइन बन्द हुँदा विद्युत् प्रणालीको विश्वसनीयतामा असर परेको छ, भारततर्फको विद्युत् निर्यातसमेत प्रभावित भएको छ, त्यसैले इआरएस संरचनाको प्रयोग गरी लाइनलाई जतिसक्दो छिटो सञ्चालनमा ल्याउन लागिएको हो ।’ उनले अहिले इआरएसमार्फत लाइन चलाएर बाढीले बगाएको टावरको सट्टा अर्को स्थायी टावर निर्माण गरिने उल्लेख गरे ।

प्राधिकरणले आफैँसँग रहेको इआरएस संरचनाको प्रयोग गरी खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइन सञ्चालनमा ल्याउन लागेको हो । यसका लागि इआरएस टावर जडान गरिसकिएको छ । इआरएस टावर राख्न लागेपछि स्थानीयले क्षतिपूर्तिको माग गर्दै काममा अवरोध गरेका थिए । ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, रामेछापका प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थितिमा भएको छलफलमा स्थानीयसँग सहमति जुटेपछि २ कात्तिकबाट इआरएस टावर राख्न सुरु गरिएको थियो । टावर जडान सकेर तार तान्न सुरु गर्न लाग्दा फेरि दोलखाका स्थानीयले अवरोध गरेका थिए । स्थानीय जनप्रतिनिधिहरूको रोहबरमा उनीहरूसँग आइतबार सहमति जुटेको छ । अब तार तान्न सुरु गरिने छ । यसका लागि करिब ४ दिन लाग्ने प्राधिकरण खिम्ती ग्रिड शाखाका प्रमुख मनोज साहले जानकारी दिए ।

# बिमा प्राधिकरण र त्रिविबीच सम्झौता



■ सौर्य समाचार

काठमाडौं । नेपाल बिमा प्राधिकरण र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सबीच बिमासम्बन्धी अनुसन्धान र दक्ष बीमांकीय जनशक्ति उत्पादन गर्नेसम्बन्धी समझदारी भएको छ । नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सका निर्देशक नवराज पौडेलले आज प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा समझदारीपत्रमा हस्ताक्षर गरे ।

बिमासम्बन्धी अनुसन्धान र स्वदेशमा दक्ष बिमांकीय जनशक्ति उत्पादनमा सहयोग गर्ने उद्देश्यका भएको समझदारीको अवधि ४ वर्षको रहेको छ । समझदारीपत्रमा प्राधिकरणले स्कुल अफ म्याथमेटिकल साइन्सका विद्यार्थीहरूको बिमांकीय सीप विकासमा सहयोग गर्ने, हरेक वर्ष मेरिट बेसिसका आधारमा म्याथमेटिकल साइन्स (बिमांकी विज्ञान) का स्नातक तहका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, स्रोत व्यक्ति उपलब्ध गराउने र बिमा बजारको आवश्यकताका आधारमा बिमांकी विज्ञानको पाठ्यक्रम परिमार्जन गर्न सहयोग गर्ने उल्लेख छ ।

यसैगरी, नेपालको बिमा बजार र अन्तर्राष्ट्रिय बिमा बजारको प्रवृत्तिलाई केन्द्रित गरी बिमासम्बन्धी अनुसन्धान तथा जोखिम मूल्यांकन र नेपाली बिमा बजारको आवश्यकताका आधारमा नयाँ बिमांकीय नमुनाहरूको विकाससम्बन्धी अनुसन्धानमा साझेदारी गर्ने समझदारीपत्रमा उल्लेख छ । कार्यक्रममा नेपाल बिमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुंगेल (अधिकारी) उपस्थित थिए ।

# ग्लोबल आईएमई बैंक र इन्ज्ब्रकबीच सहकार्य

■ सौर्य समाचार

काठमाडौं । ग्लोबल आईएमई बैंक र अस्ट्रियाको युनिभर्सिटी अफ इन्ज्ब्रकबीच सहकार्य भएको छ । स्विच एसिया ग्रान्ट प्रोग्रामअन्तर्गत युरोपियन युनियनको आर्थिक सहयोगमा ‘बुइल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बिइइएन) प्रोजेक्टअन्तर्गत दिगो आवास भवन निर्माणका लागी ऊर्जा कुशल प्रविधि तथा अभ्यासहरू प्रवर्द्धनका लागि उक्त समझदारी भएको हो । समझदारीमा बैंकका ग्रिन एन्ड सस्टेनेबल बैंकिङ प्रमुख असिम कर्माचार्य र युनिभर्सिटी अफ इन्ज्ब्रक, अस्ट्रियाको प्रतिनिधि तथा बीन प्रोजेक्ट प्रमुख डा.ड्यानियल नेयरले




हस्ताक्षर गरे । ग्लोबल आईएमई बैंकले दिगो आवास प्रवर्द्धन गर्न ‘ ग्रिन होम लोन’ विशेष कर्जा योजना लागू गर्दै आएको छ । बैंकका अनुसार, यस समझदारीले प्राविधिक क्षमताको अभिवृद्धि गर्न र दिगो तथा ऊर्जा कुशल भवनहरूको प्रवर्द्धन गर्न सहयोग पुर्‍याउनेछ ।

# ‘अभावले रोकेन कृषिमा क्रान्ति गर्ने रहर’



■ सौर्य समाचार

हेटौँडा । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१२ का किसान रामप्रसाद पौडेलसँग खेती गर्ने प्रशस्त जमिन नभए पनि कृषि क्षेत्रमा योगदान पुर्‍याउने रहरलाई अभावले रोकेन । ‘खाने मुखलाई जुगाले छेक्दैन’ भने झैँ कृषिमा क्रान्ति गर्ने उनको रहरलाई इच्छाशक्ति र मिहिनेतले सार्थकता दिलाएको छ । पौडेल आफूसँग जग्गा नहुँदा पनि कृषि व्यवसाय गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् । हेटौँडा- १२ मा जग्गा भाडामा लिएर पौडेलले कृषि कर्म गरिरहेका छन् ।

आफूलाई भूमिहीन किसान बताउने पौडेलले हेटौँडा-१२ मा जग्गा भाडामा लिएर कृषिकर्म गरिरहेका मात्रै छैनन् तरकारी बेचेर मासिक ५० हजारसम्मको नाफासमेत गरिरहेका छन् । भाडामा लिएको करिब ७ कट्ठा जग्गामा मौसम अनुसारका गोलभैँडा, काँक्रो, बन्दा, मुला, भेडेखुर्सानीलगायत विभिन्न किसिमका तरकारी उत्पादन गरेर वार्षिक १२ लाख रुपैयाँसम्मको कारोबार हुने पौडेलले बताए । उनका अनुसार सबै खर्च कटाएर मासिक ५० हजार रुपैयाँसम्म बचत हुने गरेको छ । नियमित उत्पादन हुने धान, मकैलगायत अन्नपातबाट थप आम्दानी हुने गरेको पौडेलले बताए । यस वर्षदेखि थप जग्गा भाडामा लिएर टनेल खेती बिस्तार गर्ने योजना बनाएको उनले जानकारी दिए ।

यसअघि विदेशी संस्थाको सहयोगमा हेटौँडा उपमहानगरले तयार गरेको टनेलमा गोलभैँडा र बन्दाकोभी लगाएका थिए । खेती गर्न अनुदानमा प्राप्त हाते ट्र्याक्टर प्रयोग गर्दै आएका पौडेलले सरकारले विगतमा कृषि क्षेत्रलाई खासै महत्व नदिएको भए पनि हालका दिनमा सहयोग गरिरहेको बताए । प्रांगारिक मलको प्रयोग गरेर अर्गानिक खेती गर्दै आएको बताउने पौडेलले आगामी दिनमा खेती विस्तार गरी बेमौसमी तरकारी उत्पादन गर्ने योजना रहेको सुनाए ।

पौडेलको कृषिप्रतिको जाँगरलाई आफूले प्रोत्साहन र सहयोग गरिरहेको स्थानीयवासीसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले बताए । उनका अनुसार जिल्लालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले जिल्ला समन्वय समितिले सहयोग र समन्वयमार्फत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । तरकारी उत्पादन, पशुपालन, माछापालन र अन्य कृषि उपजको उत्पादनमा मकवानपुरका हरेक स्थानीय तहबीच अनुभव, प्रविधि र सीप आदानप्रदान गराएर कृषि उत्पादनमा जिल्लालाई अगाडि बढाउन आफूहरू लागिरहेको जिल्ला समन्वय समितिका प्रमुख घलानले उल्लेख गरे । पौडेलजस्ता कृषि कर्ममा रुचि भएका नागरिकलाई सहयोगका लागि समन्वय गरिने उनको भनाइ छ ।

बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले प्रदेश सरकारले कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेको बताए । कृषि उत्पादन बढाउने गरी सुरु गरिएको कृषि उद्यमलाई सदैव सहयोग गरिने उनको भनाइ छ । सरकारको प्राथमिकता एकीकृत खेती भएकाले सोही अनुसार एकीकृत खेती प्रणालीलाई सहयोग गर्दै आधुनिक कृषिमा जोड दिने उनले बताए । कृषि क्षेत्र विकासको मेरुदण्ड रहेको भन्दै मन्त्री श्रेष्ठले आर्थिक समृद्धि प्राप्त गर्न कृषिलाई प्रवर्द्धन गर्नुपर्ने भन्दै कृषि उत्पादनमा जोड दिन सबैलाई आग्रह गरे । प्रदेश सरकारको कृषि र पशुपालन सँगसँगै लैजाने नीति रहेको बताउँदै कृषिलाई निर्वाहमुखी भन्दा पनि व्यावसायिक र प्रविधिमैत्री बनाउनुपर्नेमा उनले जोड दिए ।

प्रदेशका ११९ वटै स्थानीय तहमा कम्तीमा एउटा कृषि केन्द्र स्थापना गर्ने योजना प्रदेश सरकारको रहेको बताउँदै मन्त्री श्रेष्ठले ‘एक गाउँ एक उत्पादन क्षेत्र’को अवधारणामा सरकार अघि बढिने जानकारी दिए । उनले विपद्का कारण कृषि क्षेत्रमा भएको क्षतिपूर्तिका लागि कार्यक्रम ल्याइने बताउँदै उचित तटबन्दको व्यवस्था गर्न, कृषिमा लागत कम गरी उत्पादन बढाउन सरकारले योजनाबद्ध रूपमा काम गर्ने जानकारी दिए । पौडेल मात्र नभई हेटौँडा-१२ र १३ तथा हाँडीखोला क्षेत्र तरकारी उत्पादन, बाखापालन, माछापालन, मेवा, तिलफललगायत उत्पादनका लागि प्रसिद्ध रहेकाले कृषि फार्म सञ्चालन गरिएको यहाँका किसान बताउँछन् ।

यो क्षेत्र जिल्लाका लागि मात्र नभएर चितवन, बारा, पर्सा, रौतहटलगायत जिल्लामा तरकारी र माछाका लागि प्रसिद्ध छ । यहाँको काउली तथा आलुको मूल्य बजारमा तराई क्षेत्रबाट आउने आलु काउलीको तुलनामा १५ देखि २० प्रतिशतसम्म महँगो पर्ने तरकारी व्यापारी बताउँछन् । हेटौँडामा अन्य क्षेत्रको तुलनामा यस क्षेत्रको माछा ५० प्रतिकेजी रुपैयाँमा बिक्री गर्न सकिने माछा व्यापारी बृजेन्दर माझीले बताए ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



अमेरिकासँगको शृंखलामा सुपर ओभरमा २ विकेट लिएको सोमपाल कामी

सबैभन्दा पाको उमेरमा मैदानमा उत्रेर क्लबका लागि कीर्तिमान बनाएको रियल म्याड्रिडका लुका मोड्रिक



# नेपालले जित्यो अमेरिकाविरुद्धको शृंखला



■ एजेन्सी

न्युयोर्क । नेपालले अमेरिकाविरुद्धको टी-२० आई सिरिज १ खेल अगाडि नै जितेको छ। नेपालले आइतबार बिहान भएको खेलमा सुपर ओभरमा अमेरिकालाई हराएको हो । सुरुमा ब्याटिङ गरेको नेपालले दिएको १७१ रनको लक्ष्य पछ्याएको अमेरिकाले ८ विकेटको क्षतिमा १७० रन बनाएपछि खेल सुपर ओभरमा गएको थियो । अमेरिकाविरुद्धको दोस्रो खेल सुपरओभरमा गएको हो। सिरिजको पहिलो खेल नेपालले १७ रनले जितेको थियो ।

सुपर ओभरमा नेपालका लागि सोमपाल कामीले सनसनीपूर्ण बलिङ गर्दै ४ बल फालेर २ विकेट लिए । अमेरिकाले सुपर ओभरमा २ बल खेलेर ३ रनको चुनौती दिएको थियो। सुपर ओभमा ब्याटिङका लागि पुगेका अमेरिकाका आरोन जोन्स र शायन जहाँगीरलाई सोमपालले लगातार तेस्रो र चौथो बलमा आउट गरेका हुन् ।

सुपर ओभरमा ३ रनको लक्ष्य पछ्याएको नेपालले ४ बल खेल्दै जित निकालेको हो । पहिलो र दोस्रो बलमा १-१ रन जोडेको नेपालले तेस्रो बल डट खेल्यो। नेपालले चौथो बलमा रन जोड्दै १ खेल अगाडि सिरिज उचालेको हो । सुपर ओभरमा कप्तान रोहितकुमार पौडेल र कुशल भुर्तेलले ब्याटिङ गरे ।

अमेरिकाविरुद्ध १७१ रनको चुनौती दिएको नेपालका लागि तेस्रो क्रममा ब्याटिङमा आएका कुशल भुर्तेलले ७ चौका र ६ छक्काको मद्दतमा नटआउट ९२ रन बनाएका थिए। उनी रोचक खेलको म्यान अफ द म्याच बने। ओपनर आशिफ शेख ४ बल खेलेर आउट हुँदा अर्का ओपनर अनिल साहले ३१ बलको सामना गर्दै २५ रन जोडे । उनले २ चौका र १ छक्का प्रहार गरे। गुल्सन झाले १२ बल खेल्दै २ चौका र १ छक्काको मद्दतमा १९ रन जोडे। कप्तान रोहित पौडेलले १४ बलमा २ चौकाको मद्दतमा १८ रन बनाए ।

दीपेन्द्रसिंह ऐरीले भने ३ बलमा २ रन मात्र जोड्न सके। आरिफ शेख १ रन बनाएर आउट भएको खेलमा १ बल खेल्न मैदान पुगेका करण केसीले छक्का प्रहार गरेका थिए । कमजोर सुरुआत गरेको नेपालको मध्यक्रम चल्दा ६ विकेटको क्षतिमा १७० रन बनाएको थियो ।

नेपालका सुरुआती बलरले कसिलो बलिङ गर्न नसक्दा खेल सुपर ओभरमा पुगेको थियो। ८ विकेटको क्षतिमा १७० रन बनाएको अमेरिकाविरुद्ध नेपालका लागि करण केसीले ३ विकेट लिँदा सोमपाल कामीले २ विकेट हात पारे । सागर ढकाल र दीपेन्द्रसिंह ऐरीले १-१ विकेट लिए। सिरिज अन्तर्गतको अन्तिम खेल सोमबार हुँदै छ।

# आर्सनलको उपाधि होडमा धक्का

■ एजेन्सी

लन्डन । इंग्लिस प्रिमियर सिपको शनिबार राति भएको खेलमा १० खेलाडीमा सीमित आर्सनल बोर्नमाउथसँग २-० ले पराजित भएको छ। भियाली रंगशालामा भएको खेलमा विलियम सालिबाले रेड कार्ड पाएका हुन् । उनको क्यारियरको यो पहिलो रेड कार्डसमेत थियो । लियो नार्डो ट्रोसकार्डले खराब पास दिएपछि एभानिल्सनले दबाब दिएका थिए । सो दबाब रोक्ने क्रममा सालिबाले रेड कार्ड पाएका थिए ।

लगातारको दबाबको सामना गरिरहेको आर्सनल ७०औँ मिनेटसम्म विपक्षीलाई रोक्न सफल भए पनि नियमित समय सकिन २० मिनेट बाँकी रहँदा रेन क्रिस्टेले गोल गरे । त्यसको ९ मिनेटपछि जस्टिन क्लुभर्टले अर्को गोल गरे । हारपछि उपाधि होडमा आर्सनलाई ठुलो धक्का लागेको छ । सत्रको पहिलो पराजयको सामना गरेको आर्सनल ८ खेलमा १७ अंकसहित तेस्रो स्थानमा छ।१ खेल कम खेलेका लिभरपुलको १८ तथा म्यानचेस्टर सिटीको १७ अंक छ । अस्टन भिल्लाको पनि १७ अंक छ ।

प्रिमियरसिपकै खेलमा १ गोलले पछि परेको म्यानचेस्टर युनाइटेडले खेलमा फर्किंदै ब्रेन्टफोर्डलाई २-१ ले हराएको छ। पहिलो हाफको इन्जुरी समयमा एथान पिनको विवादास्पद हेड गोलमा म्यानचेस्टर पछि परेको थियो ।

दोस्रो हाफको सुरुआतमै अलेजान्द्रो गार्नाचोले गोल गरे । रासमस हजल्यान्डले म्यानचेस्टरका लागि ६२औँ मिनेटमा विजयी गोल गरे । इंग्लिस प्रिमियर सिपका अन्य खेलमा अस्टन भिल्लाले फुलहामलाई ३-१ हराएको छ भने ब्रिङटनले न्यु क्याशललाई १-० ले पराजित गरेको छ । लिसेस्टरले साउथहम्टनलाई ३-२ ले हराउँदा एभरटनले इप्सविचलाई २-० ले पराजित गरेको छ ।



स्पेनिस ला-लिगमा लुका मोड्रिच रियल म्याड्रिडको तर्फबाट मैदानमा उत्रने सबैभन्दा बढी उमेरका खेलाडी बनेका छन् । ३९ वर्षीय उनी शनिबार राति भएको स्पेनिस ला-लिगाको सेल्भा भिगोसँगको खेलमा मैदानमा प्रवेश गरेपछि नै सो कीर्तिमान बनेको हो । खेलमा रियल म्याड्रिड २-१ ले विजयी भयो ।

दोस्रो हाफमा वैकल्पिक खेलाडीको रूपमा मैदानमा प्रवेश गरेका उनको पासमा ६६औँ मिनेटमा भिन्सियस जुनियरले विजयी गोल गरेका थिए। २०औँ मिनेटमा एडुवार्डो काभाभिंगासँगको समन्वयमा केलिएन एम्बाप्पेले पहिलो गोल गरेका थिए । ५१औँ मिनेटमा सेल्टाभिगोका विलियट स्विटबर्गले १ गोल फर्काएका थिए ।

स्पेनिस ला-लिगाका अन्य खेलमा एथलेटीको क्लबले इस्पानियोललाई ४-१ ले, रियल बेटिसले ओसासुनलाई २-१ ले र रियल सोसिडाडले गिरोनालाई १-० ले हराएको छ । जर्मन बुन्डेसलिगको खेलमा हेरी केनको ह्याट्रिकमा वायरन म्युनिखले स्टुगार्टलाई ४-० ले पराजित गरेको छ। वायरनका लागि किङ्स कोम्यानले थप १ गोल गरे। जोसुआ किमिचको पासमा ३० यार्डबाट प्रहार गर्दै ५७औँ मिनेटमा पहिलो गोल गरेका उनले त्यसको ३ मिनेटपछि दोस्रो गोल गरेका थिए ।

८०औँ मिनेटमा रिबाउन्डमा प्राप्त अवसरलाई उपयोग गर्दै उनले ह्याट्रिक पूरा गरेका थिए । वैकल्पिक खेलाडीको रूपमा मैदानमा प्रवेश गरेका कोम्यानले अन्तिम गोल गरे । यस अघिका २ खेलमा वायरनले बराबरी गरेको थियो । शनिबार राति भएका खेलामा वायर लिभरकुसेनले इन्ट्रिच फ्रान्कफर्टलाई २-१ ले, बोरुसिया मोन्चेनग्लेड ब्याहाचले हाइडेन हिमलाई ३-२ ले, फ्रेइवर्गले अस्बर्गलाई ३-१ ले, होइफेनहामले बोचुमलाई ३-१ ले तथा आरपी लेपिजले किन्ज ५ लाई २-० ले हराए ।

# न्युजिल्यान्डको भारतीय भूमिमा जित



■ एजेन्सी

नयाँ दिल्ली । पहिलो टेस्ट खेलमा न्यूजिल्यान्डले घरेलु टोली भारतलाई ८ विकेटले पराजित गरेको छ । बेंगलुरूमा भारतले दिएको १०७ रनको लक्ष्य २ विकेटको क्षतिमा पूरा गर्दै न्युजिल्यान्डले ८ विकेटको जित निकालेको हो। यो जितसँगै न्युजिल्यान्डले ३ खेलको सिरिजमा १-० को अग्रता बनाएको छ । न्यूजिल्यान्डले पहिलो इनिङ्समा भारतलाई ४६ रनमा अलआउट गरेको थियो । यसपछि रचिन रविन्द्रको १३४ रन र डेभोन कोनवेको ९१ रनको सहयोगमा न्युजिल्यान्डले आफ्नो पहिलो इनिङ्समा ४०२ रन बनाएको थियो ।

सर्फराज खानको (१५०) पहिलो टेस्ट शतक र ऋषभ पन्तको ९९ रनको मद्दतमा भारतले दोस्रो इनिङ्समा न्यूजिल्यान्डलाई ४६२ रनको सहज लक्ष्य दिएको थियो । न्युजिल्यान्डले सन् १९८८ पछि पहिलोपटक भारतमा टेस्ट जितेको हो । भारत र न्युजिल्यान्डबीचको दोस्रो टेस्ट आउँदो बिहीबारदेखि पुनेमा र तेस्रो तथा अन्तिम टेस्ट १ नोभेम्बरमा मुम्बईमा सुरू हुनेछ ।

# नेइमार मैदानमा फर्कँदै



■ एजेन्सी

दुबई । ब्राजिलका स्टार खेलाडी नेयमार १ वर्षपछि मैदानमा फर्किने भएका छन् । उनको क्लब अल हिलालले नेयमार ठिक भएर खेल्नका लागि तयार भएको जानकारी दिएको छ ।

नेयमार अब आगामी सोमबार हुने एएफसी च्याम्पियन्स लिग अन्तर्गतको खेलमा युएईको क्लब अल ऐनविरुद्ध खेल्न तयार रहेका छन् । उनी टिमसँगै युएई प्रस्थानसमेत गरेका छन् । २०२३ को अगस्तमा अल हिलाल आएकानेयमारले गत वर्षको अक्टोबरमा राष्ट्रिय टिमको खेलमा घाइते भएपछि १ वर्ष मैदानबाट बाहिर रहेका थिए । नेयमारले अल हिलालका लागि अहिलेसम्म केबल ५ खेल खेलेका छन् । च्याम्पियन्स लिगको खेल खेल्न पाए पनि साउदी प्रो लिगमा भने नेइमार जनवरी अगाडि खेल्न नपाउने भएका छन् ।

अल हिलालले नेयमारको इन्जुरी ठिक हुने सुनिश्चितता नभएपछि विदेशी खेलाडीको कोटामा अन्य खेलाडीलाई लिगमा दर्ता गरेको छ । त्यसैले नेयमार साउदी लिगमा फर्किन भने जनवरीसम्म पर्खिनुपर्ने भएको छ । यस बीचमा उनले ब्राजिलको राष्ट्रिय टिममा कमब्याक भने गर्ने भएका छन् । अल हिलालसँग नेयमारको आगामी जुनसम्म सम्झौता रहेको छ ।

## विश्व

# इजरायलको गाजा र लेबनानमा लगातार आक्रमण

■ एजेन्सी

बेरुत । इजरायली सेनाले लेबनानको हिजबुल्लाह आन्दोलनको गढ खाली गर्न नागरिकहरूलाई चेतावनी दिएपछि आइतबार २ इजरायली हवाई आक्रमणले दक्षिण बेरुतलाई लक्षित गरेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आफ्नो निवासमा आक्रमण गरेर आफ्नो हत्या गर्ने प्रयास गरेको इरान-समर्थित हिजबुल्लाह आन्दोलनमाथि आरोप लगाएपछि यी आक्रमण भएका हुन् ।

राष्ट्रिय समाचार एजेन्सीले भनेको छ, ' शत्रु (इजरायली) विमानहरूले आज बिहान हारेत ह्रेइकमा एक मस्जिद र अस्पताल नजिकै एक आवासीय भवनलाई निशाना बनाउँदै बेरुतको दक्षिणी उपनगरहरूमा २ वटा आक्रमण गरे ।' इजरायली सेनाले यसअघि नै छिमेकमा हिजबुल्लाहसँग सम्बद्ध भनिएका भवनहरू नजिक बस्ने नागरिकहरूलाई तुरुन्तै खाली गर्न 'जरुरी चेतावनी' जारी गरेको थियो ।

सेनाका अरबी प्रवक्ता अभिचय अद्राईले टेलिग्राममा भनेका थिए, 'तपाईं हिजबुल्लाहसँग सम्बद्ध सुविधा र हितहरू नजिक हुनुहुन्छ, हिजबुल्लाहविरुद्ध आइडीएफ (इजरायली सेना) ले निकट भविष्यमा कारबाही गर्नेछ ।' केन्द्रीय सहर कैसरियामा प्रधानमन्त्रीको निवासतर्फ एउटा ड्रोन प्रक्षेपण गरिएको तर प्रधानमन्त्री नेतान्याहु र उनकी पत्नी घरमा नभएकाले कोही पनि घाइते नभएको नेतान्याहुको कार्यालयले शनिबार बताएको थियो ।

'आज मेरो र मेरी पत्नीको हत्या गर्ने इरानको प्रतिनिधि हिजबुल्लाहको प्रयास एक गम्भीर गल्ती थियो', तेहरान र 'यसका प्रतिनिधिहरू' लाई लक्षित गर्दै नेतान्याहुले वक्तव्यमा भने, 'जसले इजरायलका नागरिकहरूलाई हानि पुर्‍याउने प्रयास गर्छ, उसले भारी मूल्य चुकाउनुपर्नेछ, यसमा इजरायलसँग गत सेप्टेम्बरदेखि युद्धमा रहेको लेबनानको हिजबुल्लाह पनि समावेश छ ।'

इरानले नेतन्याहुको निवासमा भएको आक्रमणको पछाडि हिजबुल्लाहको हात रहेको बताएको छ । हिजबुल्लाहलाई इरानले हतियार तथा वित्तीय सहयोग गर्दछ ।

इरानको आधिकारिक आइआरएनए समाचार एजेन्सीका अनुसार आक्रमणमा आफ्नो भूमिकाबारे सोधिएको प्रश्नको जवाफमा संयुक्त राष्ट्रसंघमा इरानको मिसनले भन्यो, 'यो कार्य लेबनानी हिजबुल्लाहद्वारा गरिएको थियो ।' हिजबुल्लाहले आक्रमणको दाबी गरेको छैन । इजरायलले अक्टोबर १ को क्षेप्यास्त्र प्रहारका लागि आफ्नो क्षेत्रीय शत्रु इरानविरुद्ध बदला लिने प्रतिज्ञा गरेको छ । इरानले जवाफी कारबाही गर्ने चेतावनी दिएको छ । इजरायलले गाजा र लेबनानमा लगातार आक्रमण गरिरहेको छ। उत्तरी गाजामा भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ७३ जनाको ज्यान गएको छ । हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार राति भएको आक्रमणमा धेरै जना घाइते भएका छन् भने कोही घरमा अड्किएका छन् । इजरायलले धेरै जना मारिएको बताए पनि हमासले भने फरक दाबी गरेको छ ।



इजरायली सेनाले इन्डोनेसियन अस्पतालमा बन्दुक प्रहार गरेको १ घण्टापछि सो आक्रमण भएको हो । प्यालेस्टाइनी समाचार संस्था वाफाका अनुसार यसरी भएको आक्रमणमा धेरै घरहरूसमेत नास भएका छन् ।

इजरायलले अक्टोबर महिनादेखि हमासका लडाकुलाई संगठित हुनबाट रोक्नका लागि उत्तरी गाजामा आक्रमण तीव्र बनाएको हो । १ दिनअघि मात्र जाबालियाको शरणार्थी शिविरमा भएको आक्रमणमा ३३ जनाको ज्यान गएको थियो ।

शनिबार मात्र संयुक्त राष्ट्र संघीय मानव अधिकार अधिकारी जोयस मसुयलो उत्तरी गाजाको अवस्था ज्यादै खराब रहेको जनाउँदै यसलाई तत्काल रोक्न आवश्यक भएको कुरामा जोड दिए । शनिबार मात्र इजरायलले लेबनानको राजधानी बेरुतमा समेत ठुलो आक्रमण गरेको छ। इजरायलले हिजबुल्लाहले हतियार भण्डारण गरेको स्थान नास गर्नका लागि आक्रमण गरेको बताएको छ। हिजबुल्लाहको इन्टलिजेन्स हेडक्वार्टर रहेको डाहिए अहिले इजरायलको निसानामा छ। शनिबार हिजबुल्लाहले पनि उत्तरी इजरायलमा आक्रमण गरेको छ। सो आक्रमणमा १ जनाको ज्यान गएको छ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी